ग्राहक प्रति
www.abhiyandaily.com
वर्ष २० । अंक १५४ । काठमाडौं । आइतवार, २५ फागुन २०८१ । Sunday, 9 March 2025 । पृष्ठ ८ । मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक

जलेश्वर भन्सारले उठायो २ अर्ब राजस्व २
एनसेल एनएसएल–२०२५ को टाइटल स्पोन्सर ३
महिला, अर्थतन्त्र र विकास ४
नेपाल–इटाली व्यापार, लगानी, पर्यटन प्रवर्द्धन र सम्भावनाबारे छलफल ८



जैविक विविधताको संरक्षण गरौं
➢ वनजङ्गलको संरक्षण र वृक्षारोपण कार्यक्रम संचालन गरौं,
➢ जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,
➢ दुर्लभ वनस्पति तथा पशुपक्षीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,
➢ वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं,
➢ परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं ।
जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

### युरिया मलको आपूर्ति

# चिनियाँ प्रतिबन्धको असर नेपालमा

**प्रशान्त खड्का**

काठमाडौं

चीनले गत जुनमा युरिया मल निर्यातमा कडाइ गरेपछि नेपालमा यसको आपूर्ति रोकिएको छ। यसले गर्दा वर्षे बालीका लागि युरियाको पर्याप्त आपूर्ति चुनौतीपूर्ण रहेको सरकारी अधिकारीहरूले बताएका छन् ।

आन्तरिक खाद्य सुरक्षामा सुधार गर्ने उद्देश्यले चीनले चालेको कदमबाट विश्वबजारमा अहिले युरिया मलको मूल्य अत्यधिक वृद्धि र आपूर्ति प्रभावित भएको छ ।

‘चीनले बढीमा १० केजीसम्मको ब्यागमा मात्रै बेच्ने र ठूलो स्केलमा नबेच्ने गरेको छ । साथै, चीनमा खरीद गरेर बाह्य मुलुकमा निर्यात गर्न खोज्ने कम्पनीलाई पनि उसले युरिया बेच्न छाडेको छ। यसले नेपाली बजारमा समेत प्रभाव पारेको छ,’ कृषि सामग्री कम्पनी लिमिटेडका महाप्रबन्धक विष्णुप्रसाद पोखरेलले आर्थिक अभियानसँग भने, ‘यही कारण यो वर्ष ३०/३० हजार मेट्रिक टन युरिया आपूर्तिको तीनओटा बोलपत्र रद्द गर्नुपर्‍यो ।’

मूल्य बढ्दो क्रममा रहँदा आपूर्तिकर्ताले रासायनिक मलको आपूर्ति गर्न हिचकिचाउँछन्। एउटा मूल्य तोकेर बोलपत्र भर्ने र आपूर्ति गर्ने बेलामा उच्च मूल्य वृद्धि हुँदा घाटामा पर्न सक्ने हुँदा आपूर्तिकर्ताले मल आपूर्ति गर्न हिचकिचाउँछन् ।

उदाहरणका लागि पूर्वी यूरोपमा युरियाको मूल्य सन् २०२४ अप्रिल-जुनमा औसत ३१४ अमेरिकी डलर प्रतिमेट्रिक टन रहेकोमा अक्टोबर-डिसेम्बरमा ३६० डलर प्रतिमेट्रिक टन पुग्यो। सन् २०२५ को फेब्रुअरीमा झन्डै ४३६ डलर प्रतिमेट्रिक टन पुगेको विश्व बैंकको तथ्यांक छ ।

मूल्यमा भएको व्यापक उतारचढावका कारण बोलपत्र आह्वान गर्दा पनि बोलपत्र नपर्ने समस्या उत्पन्न भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले



जानकारी दिए। उनका अनुसार बोलपत्र आह्वान गर्ने समयको मूल्य र मल किन्ने बेलासम्मको मूल्यमा धेरै नै फरक पर्ने भएकाले बोलपत्र नपर्ने समस्या देखिएको हो ।

रूस र युक्रेन दुवै रासायनिक मलको ठूला आपूर्तिकर्ता देश हुन्। तर, सन् २०२२ मा यी दुई देशबीच युद्ध शुरू भएपछि रासायनिक मलको आपूर्तिमा बारम्बार अवरोध हुने गरेको छ। त्यही कारण त्यहाँबाट हुने युरिया आपूर्ति रोकिएसँगै नेपाली ठेकेदार कम्पनीहरूले चीनबाट भारतको बाटो हुँदै युरिया आयात गर्ने गरेका थिए ।

सन् २०२४ को जुनदेखि चीनले युरिया निर्यातमा कडाइ गरेको हो । देशमा मलको भाउ स्थिर राख्न र खाद्य सुरक्षा प्रवर्द्धन गर्न चीनले निर्यातमा कडाइ गरेको बताएको छ । अर्कोतर्फ विश्वको सबैभन्दा ठूलो रासायनिक मल उत्पादक र निर्यातकर्तामध्येको रूस युक्रेनसँग युद्धमा छ ।

रूसको प्राकृतिक ग्यासको प्रचुर उपलब्धताले नाइट्रोजनमा आधारित मल (जस्तै युरिया) उत्पादनमा सहयोग पुर्‍याउँछ, किनभने प्राकृतिक ग्यास यस्ता मल बनाउनका लागि प्रमुख कच्चा पदार्थ हो । रूसले यूरोप, एशिया र अन्य क्षेत्रमा ठूलो मात्रामा मल निर्यात गर्ने गर्छ । रूसमाथि पश्चिमा देशहरूले धेरै प्रतिबन्ध लगाएका छन् । यसले गर्दा आपूर्तिमा बारम्बार अवरोध हुने गर्छ । यसको असर मलको मूल्यमा पर्ने गरेको छ । युक्रेन पनि रासायनिक मल उत्पादनमा महत्त्वपूर्ण देश हो, विशेष गरी नाइट्रोजनमा आधारित युरिया मलमा । यद्यपि, रूसको तुलनामा युक्रेनको उत्पादन स्केल सानो छ । तैपनि युक्रेनले यूरोपेली बजारमा मल आपूर्ति गर्दै आएको छ । तर, रूस-युक्रेन युद्धले युक्रेनको मल उत्पादन र निर्यातमा ठूलो असर परेको छ ।

सन् २०२२ मा रूस र युक्रेनको युद्ध शुरू हुँदा रासायनिक मलको मूल्य सर्वाधिक भएपछि नेपालले मल आपूर्ति गर्न सकेको थिएन । विश्व बैंकका अनुसार सन् २०२२ मा युरियाको मूल्य औसत ७०० डलर प्रतिटन पुगेको थियो। फलस्वरूप नेपालले मल आपूर्तिका लागि धेरै गुणा बजेट खर्च गर्नुपरेको थियो भने खर्च गरेर पनि सरकारले मलको आपूर्ति सुनिश्चित गर्न सकेको थिएन ।

तर, अहिले नेपालले वैकल्पिक बजारका रूपमा बहराइन, ब्रुनाई, कतार, ओमान, साउदी अरब र तुर्कमेनिस्तानलगायत मुलुकबाट रासायनिक मल आयात गर्न थालेको छ ।

#### धानबालीका लागि के छ सरकारको तयारी ?

आजको दिनमा कृषि सामग्री कम्पनी लिमिटेडसँग २३ हजार मेट्रिक टन युरिया, ४६ हजार मेट्रिक टन डीएपी र करीब १० हजार मेट्रिक टन पोटास मौज्दात छ ।

**पूर्वी यूरोपेली बजारमा युरियाको औसत मूल्य**

(रकम अमेरिकी डलरमा)

| सन् २०२२ | सन् २०२३ | सन् २०२४ |
|---|---|---|
| ७००/टन | ३५८/टन | ३३८.३/टन |

*स्रोत : विश्व बैंक*

**विगत ३ महीनामा पूर्वी यूरोपेली बजारमा युरियाको मूल्य**

(रकम अमेरिकी डलरमा)

| डिसेम्बर २०२४ | जनवरी २०२५ | फेब्रुअरी २०२५ |
|---|---|---|
| ३५२/टन | ३८०.५/टन | ४३६.५/टन |

*स्रोत : विश्व बैंक*

**चालू आर्थिक वर्ष २०८१/८२ माघसम्मको युरिया आयात**

| स्रोत मुलुक | परिमाण (मेट्रिक टन) |
|---|---|
| बहराइन | ३६,६१४ |
| ब्रुनाई दारूसलाम | २९,६८५ |
| चीन | ९० |
| जर्मनी | ० |
| भारत | ०.०३५ |
| ओमान | ३२,२५० |
| कतार | ६७,२९३ |

*स्रोत : भन्सार विभाग*

त्यसैगरी करीब ६० हजार मेट्रिक टन युरिया र २५ हजार मेट्रिक टन डीएपी लोडिङको क्रममा छ। मुलुकभर धान रोपाइँ हुने कुल क्षेत्रफल १४ लाख हेक्टरमा ६ लाख मेट्रिक टनभन्दा बढी रासायनिक मल आवश्यक पर्ने मन्त्रालयको तथ्यांक छ ।

अहिले मौज्दात भएको मलले मात्रै नपुग्ने हुँदा वर्षे बालीका लागि अभाव हुन नदिन थप टेन्डर गर्ने र आवश्यकताअनुसार मल आयातका लागि प्रयास भइरहेको कृषि सामग्री कम्पनीका महाप्रबन्धक पोखरेलको दाबी छ ।

# सब्सक्रिप्शन मोडलमा एनसेल

## नेपाल टेलिकम पनि यो मोडलमा जाला ?

**अभियान संवाददाता**

काठमाडौं

आम्दानी निरन्तर ओरालो लागेपछि टिक्नकै लागि भए पनि दूरसञ्चार सेवाप्रदायक कम्पनीहरू ‘सब्सक्रिप्शन मोडल’मा जान थालेका छन् ।

खासगरी निजीक्षेत्रबाट सञ्चालित नेपालको एकमात्रै दूरसञ्चार सेवाप्रदायक एनसेलले सब्सक्रिप्शन मोडललाई आधार बनाउँदै प्याकेजहरू घोषणा गर्न थालेको छ । एनसेलले आफ्ना ग्राहकलाई दूरसञ्चार सेवाहरूमा सहज, सुलभ प्याकका साथ सेवा प्रदान गर्दै देशको मोबाइल सेवाक्षेत्रमा उल्लेखनीय परिवर्तन ल्याउने उद्देश्यसहित नयाँ प्रिपेड सेवा ‘सधैं अन रिन्यूअल प्याक’ सञ्चालन गरिरहेको छ ।

रिन्यूअल प्याकअन्तर्गत एनसेलले बेस्ट रिन्यूअल प्याक, अनलिमिटेड प्याक र अन्य भ्वाइस र डेटा रिन्यूअल गरी तीन प्रकारका प्याक सञ्चालनमा ल्याएको छ । पहिलो बेस्ट रिन्यूअल प्याकअन्तर्गत करसहित मासिक रू. ३९९, रू. ४९९, र रू. ५९९ का प्याक रहेका छन् । यसमा भ्वाइस, डेटा र एसएमएस साथै अनलिमिटेड यूट्युब, अनलिमिटेड नाइट डेटा समावेश छन् । प्याकअनुसार, यसमा ग्राहकले ८ जीबीदेखि २० जीबीसम्मको डेटा, ३९९ देखि ५९९ मिनेटसम्मको अल नेपाल टक टाइम र ३९ देखि ५९ ओटा अल नेपाल एसएमएस प्राप्त गर्छन् ।

दोस्रोमा अनलिमिटेड रिन्यूअल प्याकअन्तर्गत करसहित रू. ७९९, रू. ९९९, र रू. १,४९९ का प्याक समावेश छन् । यी प्याकमा ग्राहकले कुनै



पनि नेपाली नेटवर्कमा कल गर्न सकिने अनलिमिटेड अल नेपाल टक टाइम, अनलिमिटेड यूट्युब, अनलिमिटेड नाइट डेटाका साथै प्याकअनुसार ३० जीबीदेखि १०० जीबीसम्मको डेटा र ७९ देखि १४९ ओटा अल नेपाल एसएमएस सेवा प्राप्त गर्छन् । त्यसैगरी तेस्रो रिन्यूअल सेवाअन्तर्गत डेटा र भ्वाइसमात्र पाइने प्याकहरू छन् । उदाहरणका लागि एनसेलका रू. १९९ देखि रू. ४४९ सम्मका लोकप्रिय भ्वाइस रहेका छन् । त्यसैगरी डेटामा रू. २९९ बाट शुरू हुने प्याकहरू समावेश छन् ।

कम्पनीका अनुसार सधैं अन प्याकको सफलतापछि सञ्चालनमा ल्याइएका रिन्यूअल प्याकमार्फत ग्राहकले विनाकुनै बाधा महीनाभरका लागि आफ्नो बजेटअनुसार विभिन्न अनलिमिटेड सेवाको फाइदा लिन सक्नेछन् । ‘रिन्यूअल प्याकको उद्देश्य सब्सक्रिप्शन मोडलमा नेपाली ग्राहकलाई अघि बढाउनु हो,’ एनसेलका एक उच्च अधिकारीले भने, ‘नेपाली ग्राहकलाई तुलनात्मक रूपमा महँगो पर्ने पे एज यू गो र बारम्बार लिनुपर्ने ससाना प्याकहरूप्रतिको निर्भरता हटाएर सधैं अन अर्थात् कनेक्टेड रहन सक्षम बनाउनु हो ।’

यी प्याकको मुख्य विशेषता भनेको प्रयोग हुन बाँकी डेटा, टक टाइम र एसएमएस खेर नजाने रहेको छ । अहिले सब्सक्रिप्शन बेसको एनसेलले सधैं अन रिन्यूअल प्याक अर्थात् हरेक महीना ३० दिनमा नवीकरण हुने प्याकहरू ल्याएको छ। यी प्याकेजमा ग्राहकले पूरै १ महीनाको समयसीमासहित सेवा पहुँचबाट फाइदा लिन सक्छन्। यसमा साधारण सधैं अन प्याकको २८ दिनभन्दा थप २ दिन बढीको समयावधि रहेको छ । यी प्याकमा यूट्युबमा अनलिमिटेड भिडियो स्ट्रिमिङ सुविधा, रातको समयमा इन्टरनेट ब्राउजिङ तथा विभिन्न सामग्री डाउनलोड गर्न अनलिमिटेड नाइट डेटाको सुविधा रहेको छ र केही प्याकमा ग्राहकले आफ्ना परिवारजन, साथीभाइ र सहकर्मीसँग महीनाभर जति पनि कल गर्न मिल्ने अनलिमिटेड अल नेपाल टक टाइमको सेवा पाउने कम्पनीको भनाइ छ ।

दूरसञ्चार क्षेत्रमा सब्सक्रिप्शन मोडल नै अघि बढाउने हिसाबले यी प्याकेजहरू ल्याइएको र आगामी दिनमा समेत यस्ता थप कदम चालिने कम्पनीको भनाइ छ । एनसेलका सीईओ जाब्बोर कायुमोभले गत पुस दोस्रो साता एक कार्यक्रममा दिएको प्रस्तुतीकरणमा टेलिकम क्षेत्र जोगाउन र फाइभजीसहितको पूर्वाधारमा लगानी जुटाउन न्यूनतम शुल्क खर्च गर्नैपर्ने व्यवस्था लागू गर्नुपर्ने उल्लेख गरेका थिए ।

» बाँकी पृष्ठ ५ मा







# धमाधम बन्द गरेपछि शाखारहित बैंकिङमा कडाइ




**यादव हुमागाई**

काठमाडौं

बैंक, वित्तीय संस्थाहरूले शाखारहित (ब्रान्चलेस) बैंकिङका सेवा केन्द्र धमाधम बन्द गर्न थालेपछि नेपाल राष्ट्र बैंकले कडाइ गरेको छ। बैंकको शाखा नपुगेका ठाउँमा वित्तीय पहुँच पुर्‍याउन खोलिएका यस्ता सेवा केन्द्र बन्द गर्ने प्रावधानलाई केन्द्रीय बैंकले कसिलो बनाएको हो ।

राष्ट्र बैंकले निर्देशन जारी गर्दै सेवा बन्द गर्न प्रस्ताव गरिएको क्षेत्रमा करीब पाँच किलोमीटर वरिपरि बैंक तथा वित्तीय संस्था वा अन्य शाखारहित बैंकिङ सेवा सञ्चालन भई वित्तीय पहुँचको वैकल्पिक व्यवस्था भएको हुनुपर्ने प्रावधान राखेको हो । यसअघि गतवर्ष राष्ट्र बैंकले शाखारहित बैंकिङ केन्द्र बन्द गर्न राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने र ६ महीनादेखि सञ्चालनमा नभएको तथा अन्य बैंकको शाखा विस्तार भई वित्तीय पहुँच विस्तार भएको हुनुपर्ने व्यवस्था गरेको थियो। उक्त प्रावधानपछि राष्ट्र बैंकले केन्द्र बन्द गर्न कसिलो व्यवस्था गरेको हो ।

राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागका एक अधिकारी वित्तीय पहुँच पुर्‍याउन खोलिएका शाखारहित बैंकिङ केन्द्र विभिन्न कारण देखाएर बन्द गर्ने प्रवृत्ति बढेपछि कडाइ गरिएको बताउँछन् । ‘बैंकहरूले विभिन्न कारण देखाएर बन्द गर्न थालेपछि यसको प्रक्रिया निर्देशनमा नै स्पष्ट पारिएको हो,’ ती अधिकारीले भने, ‘हाम्रो उद्देश्य शाखारहित बैंकिङ बन्द हुँदा त्यहाँका सर्वसाधारणले अन्य माध्यमबाट सेवा पाउने सुनिश्चित हुनुपर्छ भन्ने हो ।’

बैंकको शाखा सञ्चालन गर्न नसकिने ठाउँमा वित्तीय सेवा पुर्‍याउन राष्ट्र बैंकले २०६८ सालदेखि शाखारहित बैंकिङ सेवाको अनुमति दिन थालेको थियो । एक दशकसम्म शाखारहित बैंकिङ विस्तार भए पनि २०७८ असारयता भने घट्न थालेको देखिन्छ ।

राष्ट्र बैंकको तथ्यांकअनुसार २०८१ पुसमा १ हजार ६५ ओटा केन्द्रले २ लाख ९९ हजारभन्दा बढी ग्राहकसँग कारोबार गरिरहेका छन्। २०७८ असारमा केन्द्रको संख्या १ हजार ७०० नाघ्दा ग्राहक संख्या २ लाख ३० हजार नाघेको थियो ।

त्यसपछि भने बैंकहरूले केन्द्र बन्द गर्न थाले । २०८० असारमा शाखारहित बैंकिङ केन्द्रबाट सेवा लिने ग्राहकको संख्या पनि ३ लाख २० हजार नाघेको थियो। पछिल्लो समयमा यो संख्या पनि घट्दै गएको छ ।

२०७२ सालमा महाभूकम्पपछि दातृ निकायहरूले पनि शाखारहित बैंकिङ सेवा विस्तारका लागि सहयोग गरेका थिए। तत्कालीन समयमा बेलायती सहयोग नियोगको सहयोगमा सञ्चालित सक्षम परियोजनाले भूकम्प प्रभावित १४ जिल्ला तथा सुदूर र मध्यपश्चिमाञ्चलमा शाखारहित बैंकिङ सेवा विस्तार गर्न सहयोग गरेको थियो ।

» बाँकी पृष्ठ ५ मा











काठमाडौंको भेडासिंह बजारमा तरकारी खरीद विक्री गरिँदै । *तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# सम्झौताको समयभन्दा अघि नै इटहरी बसपार्क निर्माण

सुनसरी । देशमा धेरै योजना समयमा काम नसकेर अलपत्र परिरहँदा सुनसरीको इटहरी उपमहानगरपालिकामा भने सम्झौताको समयभन्दा ६ महीनाअघि नै निर्माण सम्पन्न भएको छ । वडा नं ९ स्थित बसपार्क क्षेत्रमा निर्माणाधीन तीनतले टर्मिनल भवनसहित सबै संरचना निर्माण कार्य सम्पन्न भएको उपमहानगरपालिकाका प्रवक्ता दिवस पोखेलले जानकारी दिए । वडा नं ६ का अध्यक्षसमेत रहेका प्रवक्ता पोखेलका अनुसार २०८० पुस १७ गते निर्माण शुरू गरी २०८२ असार १७ मा सम्पन्न गर्न निर्माण कम्पनीसँग सम्झौता भएको थियो ।

निर्माणको जिम्मा पाएको श्री अर्थ-हाम्रो-श्रीमान् कम्पनीले तोकिएको समयभन्दा अघि नै निर्माण सम्पन्न गरी भवनसहितका संरचना हस्तान्तरणका लागि समय माग गरेको छ । सम्पूर्ण निर्माण सम्पन्न गरी उपमहानगरलाई पत्राचार गरिसकेको निर्माण कम्पनीका ठेकेदार अंकुर गौतमले बताए । केही दिनमै उपमहानगरलाई भवन हस्तान्तरण गर्ने योजना रहेको गौतमले जानकारी दिए ।



एक बिघा क्षेत्रफलमा फैलिएको बसपार्कमा सुविधा सम्पन्न तीनतले टर्मिनल भवन बनेको छ । भवनको भुइँ तलामा एक सय यात्रु बस्न मिल्ने प्रतीक्षालय, टिकट काउन्टर, मिनीमार्ट, सार्वजनिक शौचालय र कन्ट्रोल रुम निर्माण गरिएको उपमहानगरका इञ्जिनियर भविन्द्र चौधरीले जानकारी दिए ।

भवनको पहिलो तलामा व्यावसायिक प्रयोजन गर्न सकिने सात कोठा छन् भने दोस्रो तलामा क्याफेसहितको रेस्टुरेन्ट रहेको इञ्जिनियर चौधरीले जानकारी दिए । बसपार्क रू. नौ करोड ४८ लाख ८३ हजार पाँच सय ५६ मा निर्माण गरिएको उपमहानगरपालिकाले जनाएको छ । सो योजना नगर विकास कोषको ७० प्रतिशत र उपमहानगरको ३० प्रतिशत लागत साझेदारीमा निर्माण गरिएको हो । दुई दशकअघि निर्माण भएको बसपार्क बढ्दो सवारीसाधनको चापसँगै अव्यवस्थित बनको थियो । बसपार्कलाई व्यवस्थित र व्यावसायिक रूपमा प्रयोग गर्ने उपमहानगरको योजना रहेको छ । *रासस*

# जलेश्वर भन्सारले उठायो २ अर्ब राजस्व




**मो. इन्तेखाब आलम**
जनकपुरधाम

जलेश्वर भन्सार कार्यालय, भिठ्ठामोडले चालू आर्थिक वर्ष २०८१/८२ को फागुन २१ गतेसम्ममा रू. २ अर्ब १५ करोड ५० लाख ७४ हजार राजस्व संकलन गरेको छ, जुन वार्षिक लक्ष्यको ४७ दशमलव ५१ प्रतिशत हो । चालू आर्थिक वर्षमा कार्यालयले रू. ४ अर्ब ५३ करोड ६२ लाख ९० हजार राजस्व असुलीको लक्ष्य पाएको सूचना अधिकारी रामकुमार विकले दिए ।

मासिक राजस्व लक्ष्य र प्राप्ति हेर्दा कार्यालयले साउनमा लक्ष्यको ९२ दशमलव १६ प्रतिशत, भदौमा ८३ दशमलव ८७ प्रतिशत, असोजमा ८७ दशमलव ५४ प्रतिशत, कात्तिकमा ७४ दशमलव शून्य २ प्रतिशत, मङ्सिरमा ८३ दशमलव ३६ प्रतिशत, पुसमा ७५ दशमलव १४ प्रतिशत, माघमा ७४ दशमलव ७५ प्रतिशत र फागुन २१ गतेसम्ममा ८३ दशमलव ८९ प्रतिशत राजस्व संकलन गरेको छ ।

सूचना अधिकारी विकका अनुसार कार्यालयबाट आयात हुने सामग्रीमा पेट्रोलियम पदार्थको योगदान ४९ दशमलव १४ प्रतिशत रहेको छ । यस वर्ष भारतको विहार राज्यको मोतिहारी र अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट पेट्रोल र मट्टितेल समेत सञ्चालनमा आएकाले जलेश्वर भन्सारको राजस्वमा कमी आएको विकले बताए ।

# कागती खेतीमा रमाउँदै नगर प्रमुख पण्डित

तनहुँ । समाजसेवा र राजनीतिसँगै व्यावसायिक कृषि कर्ममा पनि सफल भएका छन् तनहुँको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित । व्यवसाय र राजनीतिक क्षेत्रमा सफल मानिने नगर प्रमुख पण्डित व्यावसायिक कृषि कर्ममा लागेका छन् ।

उनले म्याग्दे गाउँपालिका-४ मा १० रोपनीभन्दा बढी क्षेत्रफल जमीनमा कागती खेती गरिरहेका छन् । चाहना र समय व्यवस्थापन गर्न सके हरेक क्षेत्रबाट उत्पादन तथा आम्दानी लिन सकिने उनको बुझाई छ । उनी हरेक बिहान कागती गोडमेल र रेखदेखका लागि केही समय छुट्टयाएर बारीमा पुग्ने गर्छन् । स्वास्थ्यका लागि समेत बिहान सबेरै उठेर बिरुवाको गोडमेल गर्न उपयुक्त हुने उनी बताउँछन् ।

उनी भन्छन्, 'हाल एक हजारभन्दा बढी कागतीका बोटले फल दिन शुरू गरेको छ ।' घरायसी प्रयोगका लागि प्रशस्तै पुग्ने भएपनि आगामी वर्षदेखि व्यावसायिक रूपमा उत्पादन हुने उनी बताउँछन् । 'आगामी वर्षबाट बजार पठाउने कागती उत्पादन हुनेछ,' उनी भन्छन्, 'एक सिजनमा १५-२० हजार किलो कागती उत्पादन हुन्छ ।'

भूगोल र माटो सुहाउँदो खेती गरेकाले बादर लगायतका जंगली जनावरले समेत क्षति पुऱ्याउन नसक्ने र बाँझिएको जमीनको उपयोग हुने नगर प्रमुख पण्डित बताउँछन् । पृथ्वी राजमार्गबाट छोटो दूरीमा रहेको जमीनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा युवालाई कृषितर्फ प्रोत्साहन गर्न सकिने उनको बुझाइ छ । सामाजिक व्यक्तित्वले कागजी खेती गरेपछि अन्यलाई समेत यस प्रतिको प्रेरणा मिलेको छ ।



**भूगोल र माटो सुहाउँदो खेती गरेकाले बादर लगायतका जंगली जनावरले समेत क्षति पुऱ्याउन नसक्ने र बाँझिएको जमीनको उपयोग हुने नगर प्रमुख पण्डित बताउँछन् ।**

सामान्यतया कोदो, मकै लगायतका खाद्यान्न लगाउँदा जंगली जनावरले क्षति पुऱ्याएको भनेर बाँझिँदै गएको जमिनमा कागती खेती गरिएको हो ।

कोदो, मकै, भटमासलगायतका खेती गर्दा बाँदरलगायत जंगली जनावरले क्षति पुऱ्याएपछि बाँझो बनेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा अन्यले समेत कागती खेतीतर्फ आकर्षित भएका स्थानीय हेमकुमार कायस्थ बताउँछन् । समाजको नेतृत्व गरिरहेका व्यक्तिले कृषिमा चासो दिएर संलग्न हुने गरेमा उपेक्षित बन्दै गएको कृषि पेशाप्रतिको दृष्टिकोण नै सम्मानित बन्ने उनी बताउँछन् ।

नेपाली कांग्रेसकै नेता बालकृष्ण पौडेल पण्डितको जस्तै अन्य जनप्रतिनिधिको देखिनेगरी कुनै पेशा व्यावसाय हुनुपर्ने धारणा राख्छन् । कृषि पेशा नै उपेक्षित र खेती गर्ने संस्कृति लोप हुँदै जान थालेको अवस्थामा नगर प्रमुखको कृषिप्रतिको लगाव उदाहरणीय भएको उनको भनाइ छ ।

बजार माग उच्च रहेको कागजी खेतीसँग अब पुर्ख्यौली जमीनमा व्यावसायिक रूपमा मेवा खेती गर्ने नगर प्रमुख पण्डितको तयारी छ । आम्दानीसँगै कृषिको विकास, स्थानीयलाई रोजगारीको अवसर र बाँझिएका जमीनको उपयोगमा सहयोग पुग्ने सोचका साथ कृषि क्षेत्रमा आबद्ध भएको उनी बताउँछन् ।

कृषि ज्ञान केन्द्रले बाँदरको बढी आतंक रहेका स्थानमा अमिलो जातका फलफूल खेतीलाई प्रोत्साहन गर्दै आएको छ । अमिलो जातको फलफूलमा बाँदरले कम क्षति पुऱ्याउने गरेको पाइएको केन्द्रले जनाएको छ । यहीं उत्पादन बढाउन सकिएमा कागतीलगायत तरकारी तथा अम्लीय फलको आयात घटाउन समेत सहयोग पुग्ने कृषि ज्ञान केन्द्रले जनाएको छ । *रासस*

# भरतपुरमा कजरिया टायलको शोरुम

चितवन (अस) । अन्तरराष्ट्रिय ब्राण्डको कजरिया टायलको शोरुम भरतपुरको विकास चोकमा सञ्चालनमा आएको छ । भरतपुर महानगरपालिका-७ स्थित पशुपति ग्रेनाइट एण्ड टायल्सले शोरुम सञ्चालनमा ल्याएको हो । शोरुमको उद्योग वाणिज्य संघ, चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठ र वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले उद्घाटन गरेका हुन् । सो अवसरमा श्रेष्ठले कोभिडपछि अर्थतन्त्र तंग्रिँदै गएको भन्दै कजरिया टायलको उत्पादनले नेपाली उत्पादन प्रवर्द्धनमा टेवा पुग्ने बताए ।




शोरुमका सञ्चालक नवराज पोखरेलले करीब १४ करोड लगानीमा यो आउटलेट सञ्चालनमा ल्याइएको बताए । अन्तरराष्ट्रिय गुणस्तर र सुपथ मूल्यमा ग्राहकलाई सेवा दिने उद्देश्यसहित शोरुम सञ्चालनमा ल्याइएको उनको भनाइ छ । यस शोरुमले आवासीय र व्यावसायिक स्थानका लागि डिजाइन, रङ र टाइलको विविधता प्रदान गर्ने उनले बताए ।

अत्याधुनिक प्रविधि र दिगोपनप्रतिको प्रतिबद्धतासहित 'द स्टेट अफ द आर्ट कन्टिन्यु टेक्नोलोजी' प्रयोग गर्दै कम्पनीले उद्योगमा नयाँ बेन्चमार्कका साथै सटिक, स्थायित्व र सुन्दर ठूला टाइल स्ल्याब उत्पादन गर्दै आएको उनको भनाइ छ ।

# बस्ती संरक्षणका लागि तटबन्ध

बागलुङ । बागलुङको गलकोटमा बस्ती संरक्षणका लागि दरमखोला र गौदीखोलामा तटबन्ध गर्न थालिएको छ । बर्खाको समयमा खोला उर्लिएर आउँदा गलकोट नगरपालिकाको हटिया बजार, दुधिलाभाटी, आँगाखेतलगायतका बस्ती जोखिममा पर्ने हुँदा तटबन्ध गर्न थालिएको हो । जलस्रोत तथा सिँचाइ विकास विभागबाट विनियोजित रू. ५० लाखको लगानीमा तटबन्ध गर्न थालिएको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकारी दिए । नदी कटान रोक्नका लागि चालू आर्थिक वर्षमा गलकोट नगरपालिका-१, ३, ६ र ११ का बस्ती संरक्षण गर्न थालिएको उनको भनाइ छ ।



तटबन्धको लागि उपभोक्ता समितिमार्फत काम तीव्र गतिमा भइरहेको भण्डारीले बताए । हिउँदमा पानीको बहाव कम हुँदा जोखिम नभए पनि बर्खामा खोला बढेर बस्तीमा पस्ने समस्या भएपछि तटबन्ध गर्न ताथिएको उनी बताउँछन् । गलकोट नगरको बजार क्षेत्र नदी किनारमा रहेको हुँदा कटान हुने जोखिम रहेको भण्डारीको भनाइ छ । प्रवक्ता भण्डारीले भने, 'गलकोट क्षेत्रमा धेरै खोलानाला छन्, यी खोलाहरूले बर्खामा बस्ती नै जोखिममा पार्ने गरेका छन्, नगरपालिका, प्रदेश र केन्द्र सरकारको सहकार्यमा कटान रोक्नका लागि तटबन्ध गर्दै आएका छौं, यस वर्ष पनि पचास लाखको लगानीमा तटबन्धको काम धमाधम भइरहेको छ, तटबन्धले बस्ती संरक्षण हुनेछ ।' *रासस*

## तिम्बुङ पोखरी
# पर्यटनको नयाँ गन्तव्य



ताप्लेजुङ । ताप्लेजुङको सिदिङवा गाउँपालिकाको कालिखोलामा रहेको तिम्बुङ पोखरी पर्यटकीय स्थलको रूपमा चिनित थालेको छ । सदरमुकाम फुङ्लिङबाट करीब सात घण्टा गाडीको यात्रा र एक दिनको पैदल यात्रापछि पुग्न सकिने यो पोखरी हाल पर्यटकको आकर्षणको केन्द्र बन्न थालेको हो ।

हिमाली क्षेत्रकै सुन्दर पोखरीमध्ये एक तिम्बुङ पोखरी चार हजार तीन सय ५० मिटर उचाइमा अवस्थित छ । पोखरीको पानी स्वच्छ, नीलो र मनमोहक देखिन्छ, जसले आगन्तुकलाई लोभ्याउने गर्छ । हिमाली हावापानी, अग्ला पहाड, शीतल बतास र सुगन्धित जडीबुटीको सुगन्धले यस क्षेत्रलाई मनमोहक बनाएको छ । सरकारले २०७५ सालमा नेपालका एक सय नयाँ पर्यटन गन्तव्य पहिचान गर्दा तिम्बुङ पोखरीलाई पनि समावेश गरेको थियो ।

त्यसयता यहाँ आउने पर्यटकको संख्यामा केही वृद्धि भए पनि अझै पनि पर्याप्त लगानी र प्रचारप्रसारको अभाव देखिन्छ । हालसम्म आउने पर्यटकको अनुभव भने रोमाञ्चक छ । 'यस्तो सुन्दर पोखरी देख्न पाइने कल्पना पनि गरेको थिइन, कठिन यात्रा भए पनि यहाँ आएपछि प्रकृतिको काखमै हराएको अनुभूति हुने गरेको छ,' तिम्बुङ पोखरी पुगेकी पवित्रा साउदेनले भनिन् ।

धेरै सम्भावना भएको यो ठाउँमा पर्याप्त पूर्वाधार नहुँदा अपेक्षित रूपमा पर्यटक आउन नसकेको उनी बताउँछिन् । उचित प्रवर्द्धन भएमा यो पोखरी आन्तरिक पर्यटनको मुख्य केन्द्र बन्न सक्ने झापाबाट घुम्न आएका मांगा उराऊले बताए ।

स्थानीय पालिकाले आफ्नै स्रोतबाट यो क्षेत्रमा केही लगानी गर्न सके पर्यटनबाट आन्तरिक आम्दानीको राम्रो स्रोत बन्न सक्ने सुनसरीबाट घुम्न आएका पर्यटक घनश्याम साहको भनाइ छ । तिम्बुङ पोखरीको संरक्षण र प्रवर्द्धनका लागि एक संरक्षण समिति गठन गरिएको छ । समितिले तीनै तहका सरकारसँग समन्वय गरेर विकासका केही काम अघि बढाउँदै छ । पाँचथर र ताप्लेजुङ दुवै जिल्लाबाट पोखरी पुग्न पैदलमार्ग निर्माण गरिएको छ । पोखरीबाट ढुंगाको सोलिङ र सिँढी निर्माण गरिएको छ । थप पूर्वाधार विकासका लागि आवश्यक समन्वय भइरहेको संरक्षण समितिका सल्लाहकार कैलाश राई बताउँछन् । *रासस*

# निकुञ्जमा नियन्त्रित डढेलो लगाउन शुरू

चितवन । चितवन राष्ट्रिय निकुञ्जमा नियन्त्रित डढेलो लगाउने काम शुरू भएको छ । विगत एक सातादेखि निकुञ्जमा नियन्त्रित डढेलो लगाउन थालिएको हो । निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार घाँसेमैदान व्यवस्थापनका लागि नियन्त्रित डढेलो लगाउने गरिन्छ ।

निकुञ्जका कर्मचारी, नेपाली सेनासहितको टोलीले नियन्त्रित डढेलो लगाउने गर्छ । सूचना अधिकारी थापामगरले भने, 'घाँसेमैदानमा भएका ज्वलनशील पदार्थमा नियन्त्रित रूपमा डढेलो लगाउँदा पछि अनियन्त्रित डढेलोको समस्या हुँदैन ।'




निकुञ्जमा रहेको १० हजार हेक्टर क्षेत्रफल घाँसेमैदानमध्ये अहिले तीन सय हेक्टर क्षेत्रफल घाँसेमैदान व्यवस्थापन गरिएको छ । बजेट अभावका कारण सबै क्षेत्रमा घाँसेमैदान व्यवस्थापन गर्न नसकिएको उनले बताए ।

नियन्त्रित डढेलोबाट वन्यजन्तुले नखाने घाँस डढ्ने गर्दछ । घाँसेमैदानमा नियन्त्रित डढेलो लगाउँदा नयाँ र कलिलो घाँस पलाउने हुँदा जनावरलाई चरनका लागि सहज हुने उनले बताए ।

थापाका अनुसार नियन्त्रित डढेलोले जनावरमा क्षति हुँदैन । उनले भने, 'अनियन्त्रित डढेलोका कारण क्षति पुग्छ । नियन्त्रित डढेलो लगाउँदा वन्यजन्तुमा क्षति हुन पाउँदैन ।'

**निकुञ्जमा रहेको १० हजार हेक्टर क्षेत्रफल घाँसेमैदानमध्ये अहिले तीन सय हेक्टर क्षेत्रफल घाँसेमैदान व्यवस्थापन गरिएको छ । बजेट अभावका कारण सबै क्षेत्रमा घाँसेमैदान व्यवस्थापन गर्न नसकिएको बताइएको छ ।**

नियन्त्रित डढेलो लगाउँदा पर्यापर्यटनका गतिविधिमा समेत असर नपर्ने उनको भनाइ छ । डढेलो पछि उम्रने कलिला घाँसका कारण वन्यजन्तु बस्ती पस्न रोकिने उनले बताए ।

चर्को गर्मीसँगै डढेलो फैलने भएकाले यो मौसममा नियन्त्रित डढेलो लगाउने गरिन्छ । यस निकुञ्जमा दुर्लभ वन्यजन्तु गैंडा, बाघ, हात्ती, चित्तललगायतका वन्यजन्तु रहेका छन् । यहाँ विश्वभरबाट पर्यटक जंगल सफारीका लागि आउने गर्दछन् ।

नियन्त्रित डढेलोपछि निकुञ्जभित्रको बाटोबाट टाढा-टाढासम्म वन्यजन्तु देख्न सकिन्छ । डढेलो पछिको मौसममा पर्यटकले सहजै वन्यजन्तु देखिने भएकाले सफारीका लागि रुचाउने गर्दछन् । अनियन्त्रित रूपमा हुने डढेलो निकुञ्जले नियन्त्रण गर्ने गर्दछ । चर्को गर्मीसँगै निकुञ्जभित्र अनियन्त्रित डढेलो लाग्ने गर्दछ । यसले वन र वन्यजन्तुलाई क्षति गर्दछ । क्षति कम गर्नका लागि नियन्त्रित डढेलो लगाउने गरिन्छ । *रासस*



काठमाडौंको बौद्धमा कपडा बेच्न बसेका व्यापारी मोबाइल चलाउँदै ।

तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

# एनसेल एनएसएल-२०२५ को टाइटल स्पोन्सर

काठमाडौं (अस) । नेपाल स्पोर्ट्स एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनसेम)ले नेपाल सुपर लिग (एनएसएल)को तेस्रो संस्करणका लागि एनसेल आजियाटा लिमिटेडलाई टाइटल स्पोन्सर घोषणा गरेको छ । एनएसएल नेपालकै पहिलो फ्रेन्चाइजमा आधारित व्यावसायिक फुटबल लिग भएको बताइएको छ ।

यस सहकार्यअन्तर्गत एनसेलले नेपालमा फुटबलको प्रवर्द्धन गर्दै नेपाली फुटबललाई थप बलियो बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ । यसले नेपालका उदीयमान खेलाडीलाई आफ्नो प्रतिभा देखाउने मञ्च प्रदान गर्ने लक्ष्य राखेको छ । नेपाल र नेपाली उपभोक्तालाई एक आपसमा जोड्ने एनसेलको मूल दर्शन नेपाली फुटबलप्रतिको भावना र जोशसँग पनि मेल खाने अपेक्षा गरिएको छ ।

सन् २०२१ मा स्थापना भएको एनएसएललाई एनसेमले अखिल नेपाल फुटबल संघ (एन्फा)को प्राविधिक सहयोगमा आयोजना गर्दै आएको छ । एनएसएलको आधिकारिक खेल तालिका २९ मार्च २०२५ बाट शुरू हुनेछ । यस प्रतियोगितामा बुटवल लुम्बिनी एफसी, धनगढी एफसी, एफसी चितवन, झापा एफसी, काठमाडौं रेजर्स एफसी, ललितपुर सिटी एफसी र पोखरा थन्डर्स एफसीसहित सात टिमबीच प्रतिस्पर्धा हुनेछ ।




एनएसएलका प्रबन्ध निर्देशक श्रेयांश कार्कीले एनसेललाई एनएसएलको टाइटल स्पोन्सर बनाउँदा नेपाली फुटबललाई नयाँ उचाइमा पुर्‍याउन सहयोग पुग्ने र बलियो फुटबल संस्कृतिको निर्माणमा सहयोग गर्ने बताए ।

एनसेलका चिफ कमर्सियल अफिसर उमैर मोहसिनले यो सहकार्यले फुटबलले समाजलाई जोड्ने र सकारात्मक परिवर्तन ल्याउने शक्ति राख्नेमा विश्वास व्यक्त गरे । यो सहकार्य एनसेलको 'हामी तपाईंकै लागि'मा थिममा आधारित रहेको बताइएको छ । 'यसले विकास, नवीनता र उत्कृष्टताप्रति समान समर्पणको भावना दर्शाउने खेलकुद क्षेत्रप्रति रहेको हाम्रो गहिरो सम्मान र आकर्षणलाई प्रतिबिम्बित गर्छ,' एनसेलले भनेको छ ।

## एमजी एस ५ ईभी सार्वजनिक

काठमाडौं (अस) । नेपालका लागि एमजी मोटर्सको आधिकारिक विक्रेता प्यारामाउन्ट मोटर्सले नेपालमा बहुप्रतिक्षित एमजी एस ५ ईभी आधिकारिक रूपमा सार्वजनिक गरेको छ, जसले विद्युतीय सवारीसाधन (ईभी) सेग्मेन्टमा नयाँ मापदण्ड स्थापना गर्ने लक्ष्य राखेको छ ।

यो ईभी अत्याधुनिक प्रविधि, सुधारिएको प्रदर्शन र आधुनिक विद्युतीय सवारी प्रेमीका लागि उत्कृष्ट विशेषताको साथ आएको बताइएको छ । एमजी एस ५ ईभी कम्फर्ट र डिलक्स दुई भेरियन्टमा उपलब्ध छन् । दुवै भेरियन्टमा ४९ किलोवाट प्रतिघण्टा ब्याट्री र शक्तिशाली ९९ किलोवाट मोटर जडान गरिएको छ, जसले अधिकतम २५० न्यूटन मिटर टर्क उत्पन्न गर्न सक्दछ । डिलक्स भेरियन्टको ४९ किलोवाट प्रतिघण्टा ब्याट्रीमा एमजी एस ५ ईभीको शुरुआती मूल्य क्रमशः ४३ लाख ९९ हजार र ४९ लाख ९९ हजार रुपैयाँ रहेको छ भने ६२ किलोवाट आवर ब्याट्रीमा मूल्य ५४ लाख ९९ हजार रुपैयाँ रहेको छ ।

यो सेग्मेन्टमा विश्वकै सबैभन्दा पातलो ब्याट्री जडान गरिएको बताइएको छ । यसमा रियरह्वील ड्राइभ कन्फिगरेसन, पाँच स्वतन्त्र लिंक सस्पेन्सन प्रणाली र उन्नत इन्जिनियरिङ प्रयोग गरिएको छ । सार्वजनिक कार्यक्रममा बोल्दै एमजी मोटर्स नेपालका प्रतिनिधि जेनेरल म्यानेजर सुनिलबहादुर छेत्रीले एमजी एस ५ ईभी नवीनता, सुरक्षामा सुधार र उत्कृष्ट ड्राइभिङ अनुभव प्रदान गर्ने कम्पनीको प्रतिबद्धताको प्रमाण भएको बताए । 'यसको नयाँ पुस्ताको प्रविधि र सेग्मेन्ट-अग्रणी विशेषताले नेपालको ईभी बजारमा नयाँ परिभाषा स्थापित गर्नेछ,' उनले भने ।

## ग्लोबल आइएमई बैंकको 'ग्लोबल म उद्यमी कर्जा' सार्वजनिक

काठमाडौं (अस) । ग्लोबल आइएमई बैंक लिमिटेडले साना तथा मझौला उद्यमी लक्षित 'ग्लोबल म उद्यमी कर्जा' योजना सार्वजनीक गरेको छ । महिला उद्यमीलाई वित्तीय सहजीकरण गर्ने उद्देश्यसहित रोजगारीको विकास, सामाजिक विकास र स्थानीय समुदायमा आर्थिक सशक्तीकरणमा सहयोग पुग्ने गरी बैंकले उक्त कर्जा ल्याएको बताइएको छ ।

यस योजनाले महिलालाई उद्यमी भई व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ । महिलाहरूले नेतृत्व गरेको कृषि, उत्पादन, प्रशोधन तथा बजारीकरण क्षेत्रको घरेलु, साना तथा मझौला उद्योगलाई बैंकले विशेष प्राथमिकता दिई कर्जा प्रदान गर्ने बताइएको छ । यस योजनाअन्तर्गत आकर्षक सुविधासहित न्यूनतम ब्याजदरमा महिला उद्यमीलाई १० करोड रुपैयाँसम्मको कर्जा प्रदान गर्ने बताइएको छ ।

कम्तीमा ५० प्रतिशत स्वामित्व लिई आफ्ने नेतृत्वमा व्यवसाय सञ्चालन गर्दै आएका महिला व्यवसायी यस कर्जाका लागि योग्य हुनेछन् । यो कर्जा योजनाअन्तर्गत 'ग्लोबल म उद्यमी कर्जा' लिँदा बैंकले उद्यमी डिजिटल उपहार प्रदान गर्नेछ ।

## समृद्धि फाइनान्सद्वारा रक्तदान कार्यक्रम सम्पन्न



काठमाडौं (अस) । समृद्धि फाइनान्स कम्पनी लिमिटेडले काठमाडौंमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । काठमाडौं महानगरपालिका र नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा आयोजित उक्त कार्यक्रममा ७२ पिन्ट रगत संकलन गरिएको थियो । समृद्धि फाइनान्सले यसअघि आफ्नो इटहरी शाखा र जनकपुर शाखामार्फत पनि रक्तदान कार्यक्रम आयोजना गरिसकेको छ । यस महीनाभर तीनओटै शाखाबाट जम्मा १३१ पिन्ट रगत संकलन भएको छ । समृद्धि फाइनान्स सधैं ग्राहक हितमा समर्पित रहँदै समाज सेवाका गतिविधिमा संलग्न रहन प्रतिबद्ध छ । भविष्यमै पनि यस्ता कार्यक्रममार्फत संस्थाले सामाजिक उत्तरदायित्व वहन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

संस्थाले १३ ओटा शाखामार्फत कारोबार आरटिजिएस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिङ लगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्यूआर कोड जस्ता डिजिटल सुविधा प्रदान गर्दै आएको छ ।

## नेपाल एसबिआई बैंकका ग्राहकलाई स्काइलाइनमा छूट

काठमाडौं (अस) । नेपाल एसबिआई बैंक लिमिटेड र स्काइलाइन इन्फ्रा लिमिटेड वीरगञ्जबीच बैंकका ग्राहकलाई छूट दिने सम्झौता भएको छ । बैंकका ग्राहकले स्काइलाइनबाट खाद्य तथा पेय पदार्थ लगायत अन्य सुविधामा १५ प्रतिशत र आवास सुविधामा १० प्रतिशतसम्म छूट दिने सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा बैंकका मधेश प्रदेश प्रमुख उदय पन्जीयार थारु र स्काइलाइनका निर्देशक अंकुर भंगर अग्रवालले हस्ताक्षर गरेका छन् । सो कार्यक्रममा बैंकको वीरगञ्ज शाखाका प्रबन्धक, राकेश महर्जन र बैंक तथा होटेलका अन्य पदाधिकारी समेतको उपस्थिति थियो । बैंकले विगत ३१ वर्षदेखि बैंकिङ सेवा प्रदान गर्दै आएको छ । हाल बैंकका १०० शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखारहित बैंकिङ, ७ प्रादेशिक कार्यालय, १२५ एटिएम र १ कर्पोरेट कार्यालयमार्फत सेवा दिँदै आएको छ ।

Daraz

**Daraz Nepal – Fulfillment Centre or Land Requirement**

Daraz Nepal invites expression of interest from individual property owners and firms to lease out land or facilities for Fulfillment Centre (warehouse like facility) as per the requirements listed below:

**Land or Fulfillment Centre (warehouse like structure) Requirement**

We are seeking **any one** of the following options:
- Option 1: **20 Ropanis of Land**
- Option 2: **One Fulfillment Centre (40,000-50,000 sq. ft.)**
- Option 3: **Two Fulfillment Centre (20,000-25,000 sq. ft. each)**

**Key Requirements**
- **Location:** Within 3-5 km of Ring Road (up to 10 km can be considered)
- **Road Access:** Minimum 18-20 ft wide road
- **Preferred Areas:** Satdobato or Kalanki
- Ground floor preferred for the Fulfillment Centres

*If you have a suitable property, please reach out:*
info@daraz.com.np
9820114073

**Deadline for Submission: March 23,2025**

*We look forward to partnering with you.*

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

| केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ | शाखा कार्यालय: न्यूरोड, काठमाण्डौ | शाखा कार्यालय: लम्की, कैलाली | शाखा कार्यालय: धादिङ्गबेशी, धादिङ्ग |
|---|---|---|---|
| फोन: ०१- ४५२३४३२ | फोन: ०१- ४२६८९४० | फोन नं.: ०९१-५४०५५७/५८ | फोन: ०१०- ५२१२४४/४६ |

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/११/२५ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: न्यूरोड, काठमाण्डौ**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६/०८/१८ मा दर्ता नं. ६८२४८/०६६/०६७ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १ गैह्रीधारा स्थित **अन्नपूर्ण भिजन टुर्स एण्ड ट्राभल्स प्रा. लि.**

**२. ऋणीको विवरण**

पदम नारायण श्रेष्ठको नाति, गौरी नारायण श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला, सुनौलाबजार गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **चेतनारायण श्रेष्ठ (ना.प्र.प.नं. २६९९८/८५६४, धादिङ्ग)**

**३. ऋणीको विवरण**

गौरी नारायण श्रेष्ठको नाति, चेतनारायण श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला, नीलकण्ठ गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **शिवकुमार श्रेष्ठ (ना.प्र.प.नं. २६१२७८९, धादिङ्ग)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. गौरी नारायण श्रेष्ठको नाति, चेतनारायण श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला, नीलकण्ठ गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **शिवकुमार श्रेष्ठ (ना.प्र.प.नं. २६१२७८९, धादिङ्ग)**
२. पदम नारायण श्रेष्ठको नाति, गौरी नारायण श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला, सुनौलाबजार गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **चेतनारायण श्रेष्ठ (ना.प्र.प.नं. २६९९८/८५६४, धादिङ्ग)**
३. चेत नारायण श्रेष्ठको बुहारी, शिवकुमार श्रेष्ठको पत्नी, रामेछाप जिल्ला, रामेछाप गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **विनु श्रेष्ठ (ना.प्र.प.नं. ७७८४१, रामेछाप)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **बिनु श्रेष्ठको** नाममा मालपोत कार्यालय टोखा, काठमाण्डौको लगतमा दर्ता रहेको काठमाण्डौ जिल्ला, धापासी गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सिट नं. १०२०९४५१० स्थित कित्ता नं. १२६ को क्षेत्रफल १८३.२५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **चेत नारायण श्रेष्ठको** नाममा मालपोत कार्यालय धादिङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला, निलकण्ठ गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं ५/च) स्थित कि.न. ३६२१, ३६२२, ८७०, ३६७२ र ३४०९ को क्रमशः क्षेत्रफल ०-५-०-०, ०-१-३-१, ०-१-३-०, २-१२-३-३ र १-०-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोट : माथि उल्लेखित ऋणीको विवरण नं. १, २ र ३ को लागि व्यक्तिगत जमानतकर्ताहरु तथा धितोमा रहेको सम्पत्तिको विवरण एकै भएको ।**

**४. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/११/१७ मा दर्ता नं. १४५९०६/०७२/०७३ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २, उत्तरढोका स्थित **एभरेष्ट भ्यू इन्टरनेशनल ट्राभल एण्ड टुर्स प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. गौरी नारायण श्रेष्ठको नाति, चेत नारायण श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला, साबिक निलकण्ठ गा.वि.स. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **शिव कुमार श्रेष्ठ (ना.प्र.प.नं.२६-१२७९८, धादिङ्ग)**
२. चेत नारायण श्रेष्ठको बुहारी, शिव कुमार श्रेष्ठको पत्नी, रामेछाप जिल्ला, साबिक रामेछाप गा.वि.स./न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **विनु श्रेष्ठ (ना.प्र.प.नं.७७८४१, रामेछाप)**
३. हरि बहादुर पौडेलको नाति, कृष्ण बहादुर पौडेलको छोरा, धादिङ्ग जिल्ला, साबिक निलकण्ठ गा.वि.स. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **रामजी पौडेल (ना.प्र.प.नं. १९९५९, धादिङ्ग)**

**धितोमा रहेको सम्पतिको विवरण**

**बिनु श्रेष्ठको** नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, चपली भद्रकाली गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. २/ख) स्थित कित्ता नं. ९३७ को क्षेत्रफल ०-५-२-० (रोपनी) को हाल साबिक हुँदा कायम चपली, भद्रकाली गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. १०२-०८६८-०४) स्थित कित्ता नं. ५३ को क्षेत्रफल १७५.०० (ब.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय: लम्की, कैलाली**

**ऋणीको विवरण**

लक्ष्मी नारायण डगौराको नाति, छोटे लाल डगौराको छोरा, कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा. वडा नं. १ बस्ने **मनिराम चौधरी (ना.प्र.प.नं. ६६१, कैलाली)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

छोटे लाल डगौराको बुहारी, मनिराम चौधरीको पत्नी, कैलाली जिल्ला, जोशीपुर गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा. वडा नं. १ बस्ने **सगरधिया डगौरा (ना.प्र.प.नं. १०९०/४५७, कैलाली)**

**धितोमा रहेको सम्पतिको विवरण**

**मनिराम चौधरीको** नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेका कैलाली जिल्ला, भजनि गा.वि.स./न.पा. वडा नं ३ स्थित कित्ता नं. १४३५ को क्षेत्रफल ६७७.२८ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०८१/११/२५ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु न्यूरोड, काठमाण्डौ, लम्की, कैलाली र धादिङ्गबेशी, धादिङ्गबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/१२/०३ गते आइतबार कार्यालय समय भित्र शाखा कार्यालय न्यूरोड, काठमाण्डौ ऋणीको विवरण नं. १, २, ३ को धितोमा रहेको सम्पत्तिको विवरण नं. २ को हकमा यस बैंकको शाखा कार्यालय धादिङ्गबेशी, धादिङ्गमा, शाखा कार्यालय लम्की, कैलालीको ऋणीको धितोमा रहेको सम्पत्तिको हकमा सम्बन्धित शाखा कार्यालयमा तथा अन्य सम्पूर्ण धितोको हकमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/१२/०४ गते सोमबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु न्यूरोड, काठमाण्डौ, लम्की, कैलाली र धादिङ्गबेशी, धादिङ्गमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

> यदि व्यक्तिगत स्वार्थलाई उचित रूपमा निर्देशित गरियो भने त्यसले पनि समाजलाई समृद्ध बनाउँछ ।
> - एडम स्मिथ

सम्पादकीय

# निर्माण क्षेत्रमा मन्दी

विश्वका धेरै देश कोरोना महामारीबाट थलिएको अर्थतन्त्रलाई केही हदसम्म उकास्न सफल भए पनि नेपालमा भने झनै बढी समस्या देखिइरहेको छ । त्यसमा पनि नेपालको निर्माण क्षेत्र भने मन्दीमा नै गइसकेको छ किनभने लगातार २ त्रैमासभन्दा बढी समय यसको वृद्धिदर नकारात्मक देखिएको छ । सन् २०२२ मा कोरोना महामारी कायमै रहेका बेलासमेत सञ्चालन आम्दानीमा सुधार गरेका स्टील तथा फलामे छड उत्पादक कम्पनीको सञ्चालन आम्दानी त्यसयताका वर्षमा क्रमशः घटेको देखिएको छ । अन्य क्षेत्रभन्दा बढी निर्माण क्षेत्र सुस्ताउनुको एउटा मुख्य कारक सरकारको कार्य क्षमताको अभाव देखिन्छ ।

मुलुकमा आर्थिक गतिविधि कम हुँदा, निर्माण क्षेत्रमा सिजनको समयमा पनि काम नहुँदा र निजी घर, आवास निर्माण कम हुँदा निर्माण कम्पनीको आम्दानी क्रमशः ओरालो लागेको देखिएको हो । क्रेडट रेटिङ एजेन्सीहरूले सार्वजनिक गरेको सन् २०२१ देखि सन् २०२५ मार्चसम्मको तथ्यांकअनुसार विभिन्न स्टील उद्योगको सञ्चालन आम्दानी खस्केको देखिएको छ । टीएमटी फलामे छडदेखि फलामका विभिन्न प्रकारका निर्माण सामग्री उत्पादन गर्दै आएका उद्योगको आम्दानी घट्दो प्रवृत्तिमा देखिएको हो ।

कम्पनीहरूको वासलात र व्यापारको अवस्थामात्र होइन, राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार २ वर्ष लगातार निर्माण क्षेत्रको आर्थिक वृद्धिदर नकारात्मक रहेको छ । यस्तो हुनुको मुख्य कारण सरकारले पूर्वाधार निर्माणका कामलाई अघि बढाउन नसक्नु हो । निजीक्षेत्रले सरकारी कार्यक्रम हेरेर लगानी गर्छ तर सरकारले बजेटअनुसार काम गर्न नसक्दा निजीक्षेत्रको लगानी जोखीममा परेको छ । पूर्वाधार निर्माणले गति लिने अपेक्षामा सिमेन्ट र छड कम्पनी खुलेका हुन् । तर, सरकारले पुरानै आयोजनालाई निरन्तरता दिनसमेत नसकेको

> **सरकार र विपक्षी दल कहिल्यै अर्थतन्त्रका समस्यामा गम्भीर भएर बहस गरेको पाइन्न । आरोपप्रत्यारोपमा रमाइरहेका छन् । सबै मिलेर क्रान्तिकारी निर्णय गर्ने काम भएको छैन । यही उदासीनताको शिकार नेपालको अर्थतन्त्र बनिरहेको हो ।**

अवस्था छ । त्यसमा पनि निर्माण सम्पन्न भएका आयोजनाको समेत सरकारले भुक्तानी दिन सकेको छैन । निर्माण सम्पन्न भएका आयोजनाहरूको अझै अर्बौं रुपैयाँ सरकारले भुक्तानी दिन सकेको छैन । सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको छैन भने विदेशी ऋण सहयोग र अनुदान पनि लक्ष्यअनुसार उठ्न सकेको छैन । सरकारले आन्तरिक ऋण उठाएर चालू खर्चको जोहो गरिरहेको छ भनिन्छ । सार्वजनिक ऋण बढेको बढ्यै छ भने यस्तो ऋणको रकम पूँजी उत्पादन हुने क्षेत्रमा खर्च हुन सकेको छैन । यसले झनै अर्थतन्त्रलाई समस्यामा पार्ने देखिन्छ ।

मुलुकको अर्थतन्त्र सुस्त हुँदा सरकारले विकास निर्माणका कामलाई तीव्रता दिन सक्यो भने निर्माण कम्पनीले काम पाउँछन् । यसबाट रोजगारी सृजना पनि हुन्छ । त्यसले जनताको हातमा खर्चयोग्य रकम जान्छ र बजारमा मागसमेत सृजना गर्छ । त्यसो हुन सकेको छैन । अर्को, सरकारले घरजग्गालाई अनुत्पादक क्षेत्र मानी यस क्षेत्रमा जाने ऋणमा कडाइ गरेको छ । अझ जमीनको वर्गीकरण काम रोकिँदा जग्गा कित्ताकाँटलगायत काम रोकिँदा व्यक्तिगत घर निर्माण पनि प्रभावित बन्यो । अहिले यी दुवै कामलाई केही खुकुलो बनाइए पनि यो क्षेत्र चलायमान हुन सकेको छैन । यसमा सहकारीका देखिएका समस्या पनि जोडिन आइपुगेको देखिन्छ ।

अर्थतन्त्रका विभिन्न क्षेत्र एक अर्कासँग जोडिएका हुन्छन् । कुनै एक क्षेत्रमा असर परेपछि त्यसले अर्थतन्त्रका अन्य अवयवमा पनि असर पार्छ । त्यही भएर अहिले बैंकिङ क्षेत्रसमेत समस्यामा परेको छ । यी सबै अवस्थामा सुधार ल्याउन टालटुले नीतिले हुँदैन । तर, सरकार र विपक्षी दल कहिल्यै अर्थतन्त्रका समस्यामा गम्भीर भएर बहस गरेको पाइन्न । आरोपप्रत्यारोपमा रमाइरहेका छन् । सबै मिलेर क्रान्तिकारी निर्णय गर्ने काम भएको छैन । यही उदासीनताको शिकार नेपालको अर्थतन्त्र बनिरहेको हो । अर्थतन्त्र र विकास प्रमुख राजनीतिक नमुद्दा बनेसम्म यस्तै रहिरहने हो कि भन्ने देखिन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## जलविद्युत्को विकास पहिलो शर्त

नेपालले आफूसँग भएको स्रोतको परिचालन गर्न सकिरहेको छैन । यहाँ जलविद्युत् विकासको प्रचुर सम्भावना छ । ऊर्जा नै औद्योगिक विकासको आधार हो । तर, अहिले माग र आपूर्तिबीच सन्तुलन छैन । यसले गर्दा औद्योगिक क्षेत्रलाई आवश्यक पर्ने ऊर्जाको अभाव छ । यस्तो अवस्थामा दिगो आर्थिक वृद्धिको सम्भावना कम छ । त्यसैले आर्थिक वृद्धिदर ७ प्रतिशत पुऱ्याउने कुरा अहिलेका निम्ति सपना मात्र हुनेछ । जलविद्युत्को विकासले मुलुकको ऊर्जा आवश्यकता त पूरा गर्छ नै भारत र चीनजस्तो ठूलो बजारमा सहजै निर्यातसमेत गर्न सकिन्छ ।

नेपाल सरकार भारतलाई विद्युत् बेच्ने सैद्धान्तिक कुरा गरिरहेको छ तर आफ्नो आवश्यकतासमेत पूरा गर्न सकिरहेको छैन । ऊर्जाको विकासका लागि निजीक्षेत्रलाई आकर्षित गर्ने लचिलो नीति अपनाउनुपर्छ । यसका लागि उपयुक्त बैङ्क ब्याजदर निर्धारण हुन आवश्यक छ । आर्थिक वृद्धिदर ७ प्रतिशत पुऱ्याउनका निम्ति जलविद्युत्को विकासलाई नै पहिलो प्राथमिकतामा राख्नुपर्छ । कृषि र औद्योगिक क्षेत्रको विकास पनि ऊर्जाको उपलब्धतामै निर्भर छ भन्ने तथ्यलाई बिर्सन मिल्दैन । यी क्षेत्रको विकासविना ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने कुरा निकै कठिन हुन्छ । अहिले नेपालको अर्थतन्त्र रेमिट्यान्सले भरथेग भइरहेको छ ।

**(अर्थशास्त्री डा. प्रदीपकुमार खड्कासँगको कुराकानीबाट)**

**वर्ष ८, अंक १४९, शुक्रवार, ४ फागुन, २०६९**

# महिला, अर्थतन्त्र र विकास

## पूर्वीय चिन्तनमा महिलाको स्थान

प्रत्येक वर्ष मार्च ८ तारीख (यस वर्ष फागुन २४, शनिवार) का दिन विश्वभर महिला दिवस मनाइयो । अन्तरराष्ट्रिय नारी दिवसको लामो इतिहास छ र यसले महिलाले भोगेका भेदभाव र दुःखका साथै उनीहरूले अधिकार प्राप्तिका लागि गरेको संघर्षलाई स्मरण गराउँछ । अमेरिकामा सन् १९०८ मा महिला समानताका लागि भएको महिलावादी आन्दोलनको सम्झनामा सन् १९११ देखि अन्तरराष्ट्रिय महिला दिवस मनाउने गरिएको हो । उक्त आन्दोलनमा १५ हजार महिलाले आफूहरूमाथि भएको काम गर्ने समय, ज्याला दर र मतदानमा रहेका असमानता हटाउनुपर्ने मागसहित ऱ्याली निकालेका थिए । यो दिवस सन् २०११ मा अस्ट्रिया, जर्मनी, डेनमार्क र स्वीट्जरल्यान्डमा मनाइएको थियो ।

करीब ६५ वर्षपछि र संयुक्त राष्ट्रसंघको स्थापना भएको ३० वर्षपछि मात्र यस दिवसलाई संयुक्त राष्ट्रसङ्घले सन् १९७५ मा आधिकारिक मान्यता दिएको थियो । त्यसो त मतदानलगायत अधिकार पनि महिलाले विश्वभर नै ढिलो गरी प्राप्त गरेका हुन् । पहिलोपटक सन् १९११ मा दिवस मनाएको १०० वर्ष पछि सन् २०११ मा नारी दिवसको शतक उत्सव मनाइयो । यस वर्ष सन् २०२५ मा ११४औं अन्तरराष्ट्रिय महिला दिवस मनाइँदै छ । यसले महिला, अर्थतन्त्र र विकासलाई विगत, वर्तमान र भविष्यसँग जोड्नुपर्छ । महिलालाई योग्य बनाउने र योग्यता प्राप्त गरेका महिलाको अर्थतन्त्र, समाज र समग्र शासनप्रणालीका सबै क्षेत्रमा निर्णायक सहभागिता सुनिश्चित गर्नुमा नै दिवसको सार्थकता रहन्छ ।

पूर्वीय हिन्दू धार्मिक र आध्यात्मिक दर्शनमा महिलाहरूको स्थान अति नै उच्च रहेको पाइन्छ । उनीहरूलाई शक्तिका प्रतीकका रूपमा पूजा नै गर्ने गरिन्छ । नवरात्रमा दुर्गाका शक्तिपीठहरूमा गरिने आराधना, पूजापाठ र बलि दिने काम यसैका उदाहरण हुन् । संस्कृतमा 'यत्र नार्यस्तु पुज्यन्ते, रमन्ते तत्र देवता' नै भनिएको छ । यसबाट देवतालाई खुशी बनाउन पनि नारीको पूजा गर्नुपर्ने हिन्दू शास्त्रीय मान्यता रहेको स्पष्ट हुन्छ । हिन्दुहरूका त्रिदेव ब्रह्मा, विष्णु र महेश्वरले आफ्ना पत्नीहरूलाई प्रदान गरेको स्थान र उनीहरूसँग गर्ने व्यवहार नै हाम्रो लागि महिलाप्रति गरिने समग्र व्यवहारको गतिलो मानक बन्न सक्छ । त्रिदेवको व्यवहारमा महिलालाई सम्मान र उनीहरूको योगदानको कदरको बेजोड मिलन पाइन्छ । शिवजीलाई त अर्धनारीश्वरकै रूपमा पूजा गरिन्छ । त्रिदेवमा भेदभाव, असमानता र हिंसाको कुनै गुञ्जायस देखिँदैन । निर्णयमा पूर्ण सहभागिता गराएको पाइन्छ । यसरी हेर्दा ईश्वरीय शासनमा महिलाको भूमिका प्रभावकारी देखिन्छ । देवताहरूले पनि आफ्ना पत्नीहरूको सल्लाह लिएर काम गर्ने गरेको पाइन्छ ।



> **विगत १५ वर्षमा नेपाल सरकारले लिएको सकारात्मक विभेदको नीतिले स्वामित्व, नेतृत्व, अर्थतन्त्र र समाजमा महिलाहरूको पहिचान, पहुँच र प्रतिनिधित्व ह्वात्तै बढाएको छ । देश विकासमा उनीहरूको निर्णायक भूमिका रहने अवस्था सृजना भएको छ ।**

**डा. लोकनाथ भुसाल**

आध्यात्मिक रूपले महिला र पुरूष दुवैलाई आत्माका स्वरूपमा समान हैसियत प्रदान गरिएको छ । महिलाको बारेमा मनुवादको आलोचना गरिए तापनि वास्तवमा मनुवादको अपव्याख्या पनि गरिएको छ । वैदिक युगबाट पुराण युगमा आउँदासम्म वैदिक ज्ञानको व्याख्यामा थुप्रै कमीकमजोरी भएका छन् । पूर्वीय हिन्दू धार्मिक र आध्यात्मिक दर्शनको मौलिक स्वरूपमा महिलालाई सम्मान गरिएको र यसका लागि मार्गदर्शन पनि गरिएको छ । यी मार्गदर्शनलाई आत्मसात् गरी सबै प्रकारका महिलाविरुद्धका सबै भेदभाव र हिंसालाई अन्त्य गरेर महिलालाई सम्मान र उनीहरूले परिवार, समाज र राष्ट्रका लागि गरेको योगदानलाई व्यावहारिक रूपले कदर गर्ने व्यवस्था सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो । देशको अर्थतन्त्रको उन्नयन र समग्र विकासका लागि यसको अन्य विकल्प पनि छैन ।

देशको अर्थतन्त्र निर्माणमा महिलाको ठूलो योगदान रहेको छ । गृहणीको रूपमा उनीहरूले गर्ने परिवारको लालन-पालनसम्बन्धी कामलाई देशको उत्पादनमा गणना नगरिने गरिएको भए तापनि यस्तो कामविना परिवार, समाज र समग्र अर्थतन्त्र नै चलायमान हुन सक्दैन । छोराछोरी जन्माउने, हुर्काउने, संस्कारी बनाउने, भान्छा सम्हाल्ने, घरका वृद्ध सदस्यहरूको हेरचाह गर्ने यस प्रकारका केयरसम्बन्धी र अनौपचारिक कामहरू अमूल्य छन् । कृषिमा अहोरात्र खट्ने पनि महिला नै हुन् । तथ्याङ्कशास्त्र र अर्थशास्त्रले यसको मूल्यलाई गणना नगरेको मात्र हो । नेपालका प्रायः सबै घरपरिवारमा महिला नै बिहान सबभन्दा पहिला उठ्छन् र राति सबभन्दा ढिलो गरी सुत्छन् । प्रतिदिन उनीहरूको कार्यघण्टा १५-२० घण्टासम्म हुने गरेको छ । परिवारका सबै सदस्य महिलामाथि नै निर्भर हुन्छन् । उनीहरू नहुँदा घर शून्य हुन्छ । यसैले उनीहरूलाई गृहलक्ष्मीको दर्जा प्रदान गरिएको छ । सबैले गर्ने कामको जगमा महिला नै हुने गरेका छन् । पुरूषहरूले महिलाको यस प्रकारको काम र योगदानको सम्मान गर्न र उनीहरूले गर्ने कामको बाँडफाँट गर्न कन्जुस्याइँ गर्नु हुँदैन । पछिल्लो समयमा यसमा सुधार हुँदै गएकाले औपचारिक श्रमबजारमा पनि महिलाहरूको प्रतिनिधित्व २६ प्रतिशत पुगेको छ ।

- **आध्यात्मिक रूपले महिला र पुरूष दुवैलाई आत्माका स्वरूपमा समान हैसियत प्रदान गरिएको छ ।**
- **गृहणीको रूपमा उनीहरूले गर्ने परिवारको लालन-पालनसम्बन्धी कामलाई देशको उत्पादनमा गणना नगरिने भए तापनि यस्तो कामविना परिवार, समाज र समग्र अर्थतन्त्र नै चलायमान हुन सक्दैन ।**
- **संघीय, प्रदेश र स्थानीय तहका व्यवस्थापिकामा सरदर ३६ प्रतिशतभन्दा बढी महिलाको प्रतिनिधित्व रहेको छ ।**

यस वर्षको महिला दिवसले लैङ्गिक समानताका लागि गरिने कामलाई थप जोड दिन उत्प्रेरित गरेको छ । काम गरेर नै नतिजा आउने भएकाले यसलाई जोड दिएको देखिन्छ । महिला विकास, विकासमा महिला र महिला सशक्तीकरण समकालीन विश्वमा जोडदार तवरले उठान गरिएका विषय हुन् । यसले विकासलाई लैङ्गिक कोणबाट हेर्ने सोचको विकास हुँदै गएको पाइन्छ । यो आधा जनसंख्यालाई गरिने न्याय नै हो, विकासको आधा अंशलाई उठाउनु हो ।

यसै तथ्यलाई मनन गरेर नेपाल सरकारले महिला सशक्तीकरणलाई संवैधानिक, कानूनी र योजनाबद्ध तवरले अगाडि बढाएको पाइन्छ । संविधानबाटै महिला-मैत्री समावेशी संयन्त्रलाई अवलम्बन गरिनु, महिला विकासलाई केन्द्रविन्दुमा राखेर कानूनी प्रबन्ध गरिनु, बजेटमा लैङ्गिक कोडको व्यवस्था गरी सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात ४० प्रतिशत पुग्नु र महिला विकासमा केन्द्रित निकायहरूको स्थापना र सञ्चालन गरिनु यसैका केही उदाहरण हुन् । महिलाहरूको पहिचान, पहुँच र प्रतिनिधित्व बढाउने र यसको गुणस्तर सुधार गर्ने कार्यमा यी प्रयास फलदायी बन्दै गएका पनि छन् ।

यसैको फलस्वरूप शिक्षालगायत क्षेत्रमा लैङ्गिक समानता कायम हुँदै गएको छ । महिलाहरूको वित्तीय स्रोत तथा सम्पत्तिमा स्वामित्व बढेको छ । शिक्षामा पहुँच बढेसँगै औपचारिक क्षेत्रबाट आय आर्जन गर्ने महिलाहरूको संख्या पनि बढेको छ । संघीय, प्रदेश र स्थानीय तहका व्यवस्थापिकामा सरदर ३६ प्रतिशतभन्दा बढी महिलाको प्रतिनिधित्व रहेको छ । अहिले सहकारीमा आधा सदस्य महिला छन् । समावेशी व्यवस्थाका कारण सार्वजनिक सेवामा ३० प्रतिशतभन्दा बढी महिलाहरूको उपस्थिति छ । शिक्षक, प्रहरी, सेनालगायत सार्वजनिक क्षेत्रमा पनि महिलाहरूको संख्या बढेको छ । अब बैङ्क खाता पनि आधा महिलाका भएका छन् । करिब २५ प्रतिशत घरजग्गामा यिनैको स्वामित्व भएको छ । घरजग्गा पास गर्दा लाग्ने शुल्कमा महिलाको लागि गरिएको छूट र सशक्तीकरणको आवाजले काम गरेकोले यस प्रकारको उपलब्धि प्राप्त भएको हो ।

अन्य क्षेत्रमा पनि समानता र समावेशिता बढ्दै गएको छ । यसले महिलाको आत्मसम्मान र आत्मविश्वास बढेको छ । संविधानले पैतृक सम्पत्ति, वंशीय र समान हक पाएकै अवस्था छ । सामाजिक सुरक्षाका सेवासुविधा पाउनेहरू सबैले बैङ्कमा खाता खोल्नुपर्ने नीतिले महिलाहरूको पनि वित्तीय सेवामा पहुँच बढाएको छ । समग्रमा विगत १५ वर्षमा नेपाल सरकारले लिएको सकारात्मक विभेदको नीतिले स्वामित्व, नेतृत्व, अर्थतन्त्र र समाजमा महिलाहरूको पहिचान, पहुँच र प्रतिनिधित्व ह्वात्तै बढाएको छ । देश विकासमा उनीहरूको निर्णायक भूमिका रहने अवस्था सृजना भएको छ । घर धान्ने महिलाहरू देश धान्ने हैसियतमा पुगेका छन् । भूमिका बढेसँगै उनीहरूबाट उच्च कार्यसम्पादन र उत्तरदायित्वको पनि अपेक्षा गर्न थालिएको छ । आधा धर्ती ढाकेका महिलाहरूले अब देश विकासको आधा जिम्मेवारी पनि बहन गर्नुपर्ने चुनौती आएको छ ।

*डा. भुसाल विकास विश्लेषक हुन् ।*

# गाभ्ने/गाभिने र प्राप्तिपछिका समस्या

कम्पनी गाभ्ने/गाभिने भन्नाले गाभ्ने/गाभिने कम्पनीहरूको बीचमा सहमति वा सम्झौता भई नयाँ संस्था निर्मित हुने बुझिन्छ । अपितु यसबाट सदैव नयाँ कम्पनी खडा हुन्छ भन्ने हुँदैन । कम्पनी गाभ्ने/गाभिने भन्नाले गाभिने संस्थाको अस्तित्व समाप्ति भई सम्पूर्ण दायित्व गाभ्ने संस्थाले लिनु भन्ने पनि बुझिन्छ । प्राप्ति गर्ने भन्नाले प्राप्त गर्ने कम्पनीले अर्को कम्पनीको कानूनी हैसियत नै समाप्त गर्ने गरी प्राप्त गर्नु भन्ने बुझिन्छ । प्रायः समान प्रकृतिको कम्पनीका बीच नै गाभ्ने/गाभिने कार्य हुन्छ । कम्पनी गाभ्ने/गाभिने प्रक्रियामा दुवै कम्पनीको आपसी सहमति र समझदारी हुन्छ भने प्राप्ति गर्ने कार्यमा भने बलजफत कार्य सम्पादन गर्ने गरिन्छ । कम्पनी गाभ्ने/गाभिने प्रक्रियामा गाभिने कम्पनीको कानूनी हैसियत समाप्त हुन पनि सक्छ वा नहुन पनि सक्छ तर प्राप्ति गर्ने प्रक्रियामा भने प्राप्त गर्ने कम्पनीले लक्षित संस्थाको कानूनी हैसियत समाप्त गरेको हुन्छ ।

कम्पनी गाभ्ने/गाभिने र प्राप्ति गर्ने प्रक्रियाको इतिहास हेर्ने हो भने सोभियत संघको विघटन भएसँगै पूर्वी यूरोपमा कमर्सियल बैंकहरूको गाभ्ने/गाभिने र प्राप्ति गर्ने प्रक्रियाको वृद्धि भएको थियो । तत्पश्चात् नै यूरोपका अन्तरदेशीय कम्पनीहरूबीच गाभ्ने/गाभिने र प्राप्ति गर्ने कुरामा उल्लेखनीय वृद्धि भएको थियो । नेपालमा समेत यस्तो काम भइरहेको छ ।

### गाभ्ने/गाभिने र प्राप्तिको आशय

कम्पनीहरू एकआपसमा गाभ्ने/गाभिने र प्राप्ति गर्ने प्रमुख हेतु कम्पनीको पूँजी वृद्धि गराई कम्पनीको कार्य सम्पादनलाई थप व्यवस्थित बनाई कम्पनीलाई अतिरिक्त मुनाफामा पुऱ्याउनु हो । समान प्रकृतिको प्रतिस्पर्धी कम्पनीसँग प्रतिस्पर्धा गर्नको निमित्त समान प्रकृतिको कम्पनीहरू एकआपसमा समेत गाभिने गर्छन् । समान प्रकृतिको कम्पनीहरूको समान किसिमका दायित्वहरू हुने गर्दछ । समान किसिमको कम्पनीहरूले आफ्ना समान किसिमका दायित्वहरूलाई घटाई नाफा वृद्धि गर्न कम्पनीहरूबीच गाभ्ने, गाभिने कार्य सम्पन्न हुन्छ । त्यसैगरी कुनै एक कम्पनीको व्यापार व्यवसाय धराशय भएको अवस्थामा अर्को कम्पनीले उक्त धराशयी कम्पनीको सम्पूर्ण दायित्व एवं सम्पत्तिलाई लिएर उसको हैसियत नै समाप्त हुने गरी प्राप्ति गर्छ । नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरिएका विकास बैंक र वित्तीय कम्पनीलाई अन्य इजाजतपत्र प्राप्त संस्थाले प्राप्ति गरेमा निश्चित सुविधाहरू समेत उपलब्ध गराएको छ ।

कम्पनीहरू केवल अन्य कम्पनीहरूको मूर्त र अमूर्त शीप, कौशल सिक्नका लागि समेत गाभ्ने/गाभिने गर्छन् । उक्त कुरा केवल राष्ट्रिय स्तरमा मात्र नभई अन्तरराष्ट्रिय स्तरमा समेत लागू भएको छ । चाइनिज कम्पनीहरू केवल अमूर्त शीप सिक्नका लागि



> **सम्बद्ध नियमनकारी निकायले समेत कम्पनी गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रक्रियाको नियमन गरी आवश्यक परेमा हस्तक्षेपकारी भूमिका समेत निभाउनुपर्छ । कम्पनी गाभ्ने/गाभिने प्रक्रियाको अन्त्य भइसकेपछि पनि गाभ्ने र गाभिने कम्पनीबीच एकअर्काप्रति द्वेष र शंकाको दृष्टि कायम रहिरहेको पाइन्छ ।**

**- कुशल दुवाडी**

उत्तराधिकारीको समस्या रहेको जर्मनीका साना तथा मझौला उद्योगसँग गाभिएका थिए । सरकार वा कुनै नियमनकारी निकायको निर्देशिकाको कारण पनि कम्पनी गाभ्ने/गाभिने र प्राप्तिको काम हुन्छ । नियमनकारी निकाय स्वयंले कुनै बैंक, वित्तीय संस्था, सहकारी संस्था वा अन्य कुनै संस्थाको कुल पूँजीमा वृद्धि हुने आदेश जारी गर्न सक्छ वा कुनै संस्थानमा छुट्टै कार्यविधि लागू गराई मापदण्डहरू निर्धारण गर्न सक्छ । नियमनकारी निकायको यस्तो किसिमको संशोधित निर्देशिका एवं नयाँ खडा गरिएका मापदण्डहरूको कारणले समेत कम्पनीहरू एकआपसमा गाभ्ने, गाभिने र प्राप्ति हुने कार्य गर्न बाध्य हुन्छन् ।

### विद्यमान कानूनी व्यवस्था

विशेष प्रकृतिका गाभ्ने/गाभिने र प्राप्ति गर्नको निम्ति छुट्टाछुट्टै कानूनी व्यवस्था गरिएको छ । धितोपत्रमा दर्ता भएको संगठित संस्थाको हकमा गाभ्ने/गाभिने तथा प्राप्तिका लागि नेपाल धितोपत्र बोर्डले धितोपत्रमा दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी निर्देशिका, २०७९ बनाई लागू गरिएको छ । विद्युत्को उत्पादन, प्रसारण र व्यापार गर्न अनुमतिपत्र प्राप्त संस्थाको हकमा गाभ्ने/गाभिने तथा प्राप्तिका लागि विद्युत् नियमन आयोगले अनुमति पत्र प्राप्त व्यक्ति आपसमा गाभिन, आपसमा मिल्न, शेयर खरीद, संरचनाको खरीद विक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहणसम्बन्धी निर्देशिका, २०७७ बनाई लागू गरेको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम बैंक तथा वित्तीय संस्था अर्को बैंक तथा वित्तीय संस्थासँग गाभिनका लागि सञ्चालक समितिले निर्णय गरी सैद्धान्तिक सहमति प्रदान गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंकमा इ.प्रा.निर्देशन नं. १८/०८१ स्तरोन्नति हुने, कार्यक्षेत्र विस्तार वा संकुचन तथा गाभ्ने/गाभिनेसम्बन्धी व्यवस्था र बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ बनाई नियमन तथा नियन्त्रण गरेको छ । यसैगरी अन्य निकायहरूको हकमा समेत गाभ्ने/गाभिने र प्राप्ति गर्नको निम्ति छुट्टाछुट्टै कानूनी व्यवस्था गरिएको छ ।

गाभ्ने/गाभिने र प्राप्ति गर्ने सम्बन्धमा छरिएर रहेका कानूनी व्यवस्थाहरूमा मूलतः प्रारम्भिक समझदारी, ड्यू डिलिजेन्स अडिट, शेयर आदान प्रदान अनुपात, कम्पनीहरूबीच भएको सहमतिपत्रलाई प्रमुख जोड दिएको पाइन्छ । केवल गाभ्ने/गाभिने र प्राप्ति गर्ने प्रक्रियाको निमित्त कम्पनीको सम्पत्तिको मूल्यांकनलाई छद्म रूपमा वृद्धि गर्ने भएकाले स्वतन्त्र मूल्याङ्कनकर्ताबाट ड्यू डिलिजेन्स अडिट गराइन्छ । स्वतन्त्र मूल्याङ्कनकर्ताबाट ड्यू डिलिजेन्स अडिट गरिसकेपछि शेयर आदान प्रदान अनुपात निर्धारण गरिन्छ । त्यसैगरी गाभ्ने/गाभिने र प्राप्ति गर्ने कम्पनीको सम्पूर्ण कामकारबाही, सञ्चालक संरचना प्रारम्भिक समझदारी र कम्पनीहरूबीच भएको सहमतिपत्रमा आधारित हुन्छ । गाभ्ने/गाभिने र प्राप्तिको हकमा धितोपत्रमा सूचीकृत भएको कम्पनीको हकमा बढीमा १५ दिनसम्म शेयर कारोबार रोक्का राखिन्छ । आधारभूत शेयरधनीको शेयर प्रारम्भिक सम्झौता भएको दिनदेखि नै रोक्का राखिन्छ । कम्पनी गाभ्ने/गाभिने तथा प्राप्ति गर्नका निमित्त कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र अन्य सम्बन्धित निकायलाई समेत उक्त प्रक्रियाको सम्बन्धमा जानकारी दिनुपछए ।

### उद्भव हुने समस्या

कम्पनीहरू एकआपसमा गाभ्ने, गाभिने र प्राप्ति गर्ने प्रक्रियाबाट कर्मचारीहरूको हकमा भने खासै फाइदा गरेको पाइँदैन । मूलतः गाभ्ने कम्पनीले गाभिन आउने कम्पनीको र प्राप्ति गर्ने कम्पनीले कर्मचारीको संख्यामा उल्लेखनीय कटौतीसमेत गर्छ । साथै गाभिन आउने र लक्षित संस्थाको कर्मचारीहरूलाई पदावनति गरी कर्मचारीहरूको इज्जत, प्रतिष्ठामा समेत आँच पुऱ्याइएको पाइन्छ । पदावनतिका कारणले गर्दा समेत कयौं कर्मचारीहरू बाध्यतावश भई कम्पनी छोड्ने अवस्थामा पुग्छन् । विद्युत् नियमन आयोगबाट जारी भएको निर्देशिकाबमोजिम गाभ्ने/गाभिने संस्थाको हकमा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्ययोजनासमेत आपसमा गाभिन दिइने निवेदनसाथ संलग्न गर्नुपर्छ । नेपाल राष्ट्र बैंकबाट जारी भएको विनियमावलीबमोजिम बैंक तथा वित्तीय संस्थाको गाभ्ने/गाभिने तथा प्राप्ति गर्दा कर्मचारीहरूको पदमिलान गर्दा खाईपाई आएको सुविधा, तलब घट्न नपाउने व्यवस्था गरेको छ । यद्यपि यसबाट कर्मचारीहरू नै सबैभन्दा बढी पीडित हुने गरेका छन् ।

कम्पनीहरू एकआपसमा गाभ्ने/गाभिने र प्राप्ति गर्ने सम्बन्धमा कम्पनीको नाम, सञ्चालक संख्या, सञ्चालक समितिमा कुन कम्पनीबाट कतिजना प्रतिनिधि मनोनीत हुनेलगायत विषयले गर्दासमेत कम्पनीहरूबीच कयौं गाभ्ने/गाभिने र प्राप्ति गर्ने कार्य असफल भएको छ । कम्पनी प्राप्ति गर्ने प्रक्रियामा भन्दा पनि कम्पनीहरू गाभ्ने/गाभिने प्रक्रियामा कम्पनीको नयाँ बन्ने सञ्चालकको संरचनामा थप जटिलता सृजना हुन्छ । कम्पनीको सञ्चालक समितिको अध्यक्षलाई कम्पनी ऐन, २०६३ बमोजिम केही विशेषाधिकार प्रदान गरिएको कारणले समेत कम्पनीमा को अध्यक्ष रहने भन्ने कुराले समेत कम्पनी गाभ्ने/ गाभिने कुरामा विवाद सिर्जना हुन्छ । कम्पनी गाभ्ने/गाभिने प्रक्रियाको अन्त्य भईसकेपपछि पनि गाभ्ने र गाभिने कम्पनीबीच एकात्मक भावना सिर्जना नभई एकअर्काप्रति द्वेष र शंकाको दृष्टि कायम रहिरहेको पाइन्छ ।

कम्पनी गाभ्ने/गाभिने तथा प्राप्तिले सदैव उद्देश्यअनुरूप सफलता प्राप्त गर्छ भन्ने पनि हुँदैन । नियमनकारी निकायको निर्णयको कारण गाभ्न/गाभिन बाध्य भएका कम्पनीहरूले समेत सोचेअनुरूप सफलता प्राप्त गरेको अवस्था छैन । कम्पनीहरू गाभ्ने/गाभिने तथा प्राप्ति गर्दा समेत कम्पनीहरूले राखेका अपेक्षा र आकांक्षाहरू पूर्ति नभएका उदाहरण थुप्रै छन् । अन्तरदेशीय मुलुकका प्रतिष्ठित कम्पनीहरूबीच समेत गाभ्ने/गाभिने तथा प्राप्ति उद्देश्यअनुरूप सफल नभएकाले यसले सदैव सोचेजस्तो परिणाम नल्याउने कुरा निश्चित छ । अन्तरदेशीय कम्पनीहरूबीच हुने गाभ्ने/गाभिने तथा प्राप्ति आफैमा जोखिममूलक कारोबारसमेत हो । छद्म रूपमा तयार गरिएको मूल्यांकन, एकअर्काप्रति शंकाको भावना, उत्कृष्ट कर्मचारीको कम्पनीबाट बहिर्गमन आदि कुराहरू समस्याको मूल जरो हुन् ।

अन्त्यमा, कम्पनी गाभ्ने/ गाभिने तथा प्राप्ति गर्ने प्रक्रियामा कम्पनीको विगतको कारोबार, दायित्व, वासलात, नाफा नोक्सान हिसाब आदि इत्यादिले महत्त्वपूर्ण राख्ने भएकाले कम्पनीका सञ्चालक, शेयरधनीहरूले सूक्ष्म रूपमा अध्ययन गर्नुपर्छ । त्यसैगरी कम्पनी गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रक्रियामा ड्यू डिलिजेन्स अडिटको समेत महत्त्वपूर्ण भूमिका हुने भएकाले उचित रूपमा छानबिन हुनुपर्छ । कम्पनी गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रक्रिया आफैमा दूषित प्रक्रिया भने होइन । यो प्रक्रियाबाट कयौं कम्पनीहरूले लाभसमेत उठाइसकेका छन् । कम्पनी गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रक्रियाको महत्त्वलाई अंगीकार गरी कार्य सम्पन्न गरेमा घाटामा गइरहेको कम्पनीसमेत नाफामा जान समय लाग्दैन । सम्बद्ध नियमनकारी निकायले समेत कम्पनी गाभ्ने/ गाभिने तथा प्राप्ति गर्ने प्रक्रियाको नियमन गरी आवश्यक परेमा हस्तक्षेपकारी भूमिकासमेत निभाउनुपर्छ ।

*लेखक कानूनका विद्यार्थी हुन् ।*



तस्वीर : रासस

**अन्तरराष्ट्रिय श्रमिक महिला दिवसको दिन शनिवार बिहानै छिट्वामा तरकारी राखेर घोराही बजारमा बिक्री गर्न आएका दाङको घोराही उपमहानगरपालिका–१६, मघै गाउँका थारू महिला ।**

# अर्ग्यानिक चिया उत्पादन अभियान सञ्चालन गर्दै सूर्योदय नगरपालिका

इलाम । सूर्योदय नगरपालिकाले क्यान्सर रोगको जोखिम हुन नदिन विषादी प्रयोगमा कडाइ गर्न थालेको छ । नगरका किसानले तरकारी लगायत अन्य बालीमा विषादीको मात्रा बढाउन थालेपछि नगरपालिकाले कडाइ गर्न थालेको हो । नगरपालिकाले अर्ग्यानिक चिया उत्पादन अभियान नै सञ्चालन गर्न किसानलाई प्रोत्साहन समेत गरेको छ । 'हामीले उत्पादन गरेको चियाले आफै रोगको सिकार हुनुपर्‍यो भने विश्व बजारमा विक्री गर्न सकिँदैन,' नगरप्रमुख रणबहादुर राईले भने, 'हामी विष खाँदैनौं र बेच्दैनौं पनि । विगत वर्षदेखि अर्ग्यानिक उत्पादन गर्ने भनेर अभियान चलाइए पनि तथ्यांकले विषादीको प्रयोग देखाएकाले अब कडाइका साथ विषादी नियमन गर्छौं ।'

नगरपालिकाले गत २ आर्थिक वर्षमा विपन्न नागरिक सहायता कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवाका लागि आर्थिक सहयोग निम्ति सिफारिश गरिएका बिरामीमध्ये सबैभन्दा बढी क्यान्सर रोगी देखिएका छन् । आर्थिक वर्ष २०७९/८० मा सिफारिश गरिएका ५७ बिरामीमध्ये सबैभन्दा बढी ४० जना क्यान्सरपीडित थिए भने मिर्गौलाका १० र मुटुका ७ बिरामी थिए । त्यसैगरी गत आर्थिक वर्षमा यो तथ्यांक बढेर सिफारिश संख्या ८२ पुग्यो । यसमा पनि क्यान्सरका सबैभन्दा बढी ५० बिरामी छन् । त्यसैगरी मिर्गौलाका २०, मुटुका ३ र टाउकोमा चोट भएका ३ जनाको स्वास्थ्य सेवाका लागि सिफारिश गरिएको सूर्योदय नगरपालिका स्वास्थ्य शाखाका प्रमुख विपुल अधिकारीले जानकारी दिए ।

यो त नगरपालिकामा परेका निवेदनमा आधारित तथ्यांक हो । पालिकाको सम्पर्कमा नआएर उपचार गरिरहेका वा ज्यान गुमाएका क्यान्सरपीडित धेरै छन् । सबैमा क्यान्सर रोगको कारण चियाको विषादी मात्र नभए पनि अधिकांश कारण विषादी हुन सक्ने सूर्योदय–८ का वडाध्यक्ष जंग गुरुङले बताए । 'क्यान्सरकै कारण मैले गतवर्ष परिवारको एक सदस्य गुमाएँ । धेरै ठाउँका डाक्टरलाई देखाउँदा विषादीकै कारण रोग लागेको बताए,' उनले भने, 'झापाको पूर्वाञ्चल क्यान्सर अस्पतालदेखि राजधानीका थुप्रै अस्पतालका वरिष्ठ डाक्टरहरूले विषादीलाई कारण देखाए ।'

वडाध्यक्ष गुरुङले यस वर्ष आफ्नो वडालाई अर्ग्यानिक घोषणा गर्ने गरी काम थालिएको बताए । 'मैले आफन्त गुमाएँ । आज घर–घरमा क्यान्सर रोगी फेला परिरहेका छन् । यो दुर्दशा सबैले भोग्नुभन्दा बेलैमा सचेत हुनुपर्छ,' उनले भने, 'सूर्योदयको ८ नम्बर वडामा बढी चियाखेती हुन्छ । सबैभन्दा बढी चिया उद्योग यहीँ छन् । यहाँबाट अर्ग्यानिक वडा घोषणा शुरू गर्दै छौं ।'

पहिलो चरणमा किसान, चिया उद्योगी, व्यापारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि, टोल विकास, बालीबीमा कम्पनीका प्रतिनिधि लगायतसँग बसेर वडाले छलफल चलाएको बताउँदै वडाध्यक्ष गुरुङले अब टोलटोलमा पुगेर चेतनामूलक कार्यक्रम गर्ने र स्थानीयलाई अर्ग्यानिक उत्पादनसम्बन्धी तालिम दिइने बताए ।

'विषले मानव स्वास्थ्यलाई मात्र नभएर हाम्रो विश्व परिचयमा पनि असर गर्छ । चिया पिउनलायक बनाउनुपर्छ । उत्पादन अर्ग्यानिक र गुणस्तरीय भएपछि किसानले राम्रो मूल्य पाउँछन्,' नगरप्रमुख राईले भने, 'क्षणिक लाभ हेरेर स्वास्थ्य जस्तो संवेदनशील विषयमा बेवास्ता गर्नु हुँदैन ।'

सूर्योदयमा उत्पादन हुने सबै चिया विषादीयुक्त छन् भन्ने होइन । कतिपय चिया बगान अर्ग्यानिक पनि छन् । सूर्योदय–९, ढोडेका रामप्रसाद राईले चियाको प्रांगारिक खेती शुरू गरेको ६ वर्ष भयो । उनको १६ रोपनी क्षेत्रफलमा फैलिएको चिया बगानबाट दैनिक ८० किलो उत्पादन हुन्छ । 'प्रतिकेजी १०१ रुपैयाँ दरले सुन्दरपानी कृषि सहकारी संस्थालाई दिन्छौं । उसले १ रुपैयाँ नाफा राखेर गोर्खा टी स्टेटलाई बेच्छ,' राईले भने, 'नगरपालिकाले तोकेको चियाको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु ४० हो । तर हाम्रो चिया प्रांगारिक भएकाले १०० भन्दा बढी मूल्य पाएका छौं ।'

राईमात्र होइन साङपाङ टोल ढोडेका सबै किसानले रासायनिक मलको प्रयोग छाडेर गाई–बाखाको मल प्रयोग गरिरहेका छन् । 'चियामा लहलह मुना पलाउँछ, खाँदा स्वास्थ्यलाई हानि गर्दैन, विक्री मूल्य पनि राम्रो पाइन्छ,' किसान मनबहादुर राईले भने, 'गाईको मल एकपटक र गहुँतबाट बनाएको 'रक्षिन' वर्षमा दुईपटक लगाई दिनुपर्छ, अन्य गोडमेल र सिँचाइ पुग्यो भने विषादी हालेको भन्दा राम्रो उत्पादन पनि हुन्छ ।'

यो टोलका विनोद मोक्तान, विमल, सुशीला, रामप्रसाद, पूर्ण र तारा राईका परिवार बिहानसाँझ चियाको गोडमेल, मलजल, सिँचाइ र टिपाइमा व्यस्त हुन्छन् । बेलामा पानी नपरेकाले केही ढिलो भए पनि यस वर्षको टिपाइ चैत पहिलो साताबाट शुरू हुने मनबहादुरले बताए । उनका अनुसार, हरियो चिया उत्पादनको उर्वर समय चैतदेखि असोजसम्मको ६ महीना हो । क्यान्सरले नागरिकको ज्यान लैजाने र उत्पादन गुणस्तरीय नहुँदा विश्व बजारमा निर्यात नहुने भएपछि नगरपालिकाले प्रांगारिक चिया उत्पादनको अभियान चलाइरहेको हो । ६ वर्षअघि नै चियाको कार्यविधि बनाएर न्यूनतम समर्थन मूल्य तोकेको सूर्योदयमा चियाको टिपाइ सुधार हुन नसक्दा भारतलगायत मुलुकमा नेपाली चिया विक्रीमा समस्या छ ।

'पहिले भारतले यहाँको चिया किन्दा सिएफएल परीक्षण गर्थ्यो तर अब त्यसको अलावा फसाइ परीक्षण गर्दै छ,' नगरप्रमुख राईले भने, 'यसले गर्दा हाम्रो चिया भारतमा सजिलै विक्री हुने अवस्था छैन । यदि चिया प्रांगारिक भएन भने सबै चिया नबिक्ने अवस्था हुन्छ । यो समस्या बुझेर किसानले उत्पादनलाई विषादीरहित र टिपाइ गुणस्तरको बनाउनुपर्छ ।'

**नगरपालिकाको दीर्घकालीन सोचको नारा नै 'सूर्योदय नगरपालिकाको समृद्धि, प्रांगारिक कृषि पर्यापर्यटन र आर्थिक समानता' भन्ने रहेको छ ।**

चियाको टिपाइ सुधार गर्न भन्दै नगरपालिकाले गतवर्ष ३०० किसानलाई चिया टिप्ने हाते मेसिन वितरण गर्‍यो । 'टिपाइमा सुधार भइसकेपछि न्यूनतम समर्थन मूल्य कार्यान्वयन हुन्छ । करीब ३०० ओटा चिया टिप्ने हाते मेसिन वितरण भएको छ । यो वितरण यस वर्ष पनि हुन्छ । चियालाई ब्रान्डिङ गर्नुपर्छ, चिया परीक्षण गर्नुपर्छ भनेर निर्माण गरिएको टी टेस्टिङ एन्ड रिसर्चिङ सेन्टर सञ्चालनमा आइसकेको छ ।'

नगरपालिकाको दीर्घकालीन सोचको नारा नै 'सूर्योदय नगरपालिकाको समृद्धि, प्रांगारिक कृषि पर्यापर्यटन र आर्थिक समानता' भन्ने रहेको छ । २०७५ साउन १ गते नै निषेधित विषादीमुक्त पालिका घोषणा गरी सबै १४ वडाका २५२ टोलमा सचेतना कार्यक्रम भइसकेको नगर आर्थिक विकास समितिका संयोजक देवेन्द्र आचार्यले बताए । उनले भने, 'गोठ सुधार, भकारो सुधार, माटो परीक्षणजस्ता कार्यक्रममार्फत प्रांगारिक उन्मुख अभियान चलाइरहेका छौं ।'

नगरपालिकाले चियाबाट नै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । कार्यविधि बनाएर गुणस्तर सुधार गर्न लागिपरेको सूर्योदयले चियामा विषादीको प्रयोग रोक्न नसक्दा आलेचना खेप्नु परेको छ । अर्कातिर किसानलाई प्रांगारिक खेतीमा आकर्षित गर्न अनुदानको कार्यक्रम छैन । प्रमुख प्रशासकीय अधिकृत अमृतबहादुर राईले भने, '८० प्रतिशतभन्दा धेरैको आयस्रोत बनेको चियामा प्रतिकिलो १ रुपैयाँ अनुदान दिँदा पनि करोडौं लगानी चाहिन्छ । स्थानीय सरकारको एक्लो प्रयासले सहजै किसानको समस्या समाधान हुने देखिँदैन । प्रदेश र संघले चिया सुधार गर्न लगानी नगर्दा स्थानीय सरकार मर्कामा परेको छ ।'

नेपाली चियाको अन्तरराष्ट्रिय ब्रान्डिङ, प्रवर्द्धनका लागि सहयोग, साना किसानका लागि हरियो पत्ती उत्पादनका आधारमा उखुमा जस्तै अनुदान दिनुपर्ने माग उद्योगीले गरेका छन् । उद्योगी उदय चापागाईंले कृषिका अन्य क्षेत्रमा जस्तै चियामा अनुदान दिन सरकारले कञ्जुस्याइँ गर्ने गरेको बताए । 'चिया क्षेत्रको समस्यामा दिगो समाधान खोज्न किसानलाई सहुलियत दिनुपर्छ,' उनले भने, 'किसानलाई मल, सिँचाइ र अनुदानमा सरकारले सहयोग गर्न सक्छ । अझ चियाको अन्तरराष्ट्रिय बजार दिगो बनाउन अर्ग्यानिक उत्पादन मात्रै विकल्प हो ।'

नेपालमा उत्पादित ५५ लाख किलो तयारी अर्थोडक्स चियामध्ये ३ लाख किलोमात्र अर्ग्यानिक रहेको तथ्यांक छ । सूर्योदय नगरपालिकामा ६२ भन्दा बढी चिया प्रशोधन उद्योग छन् । तीमध्ये सूर्योदय टी एशोसिएशनमा ५२ उद्योग आबद्ध छन् । यहाँ ३ हजार हाराहारी किसानको हरियो चियापत्ती प्रशोधन गरिन्छ । यहाँका उद्योगमा सूर्योदय नगरपालिकाको मात्र होइन माइजोगमाई, रोङलगायतका किसानले उत्पादन गरेको हरियो पत्ती प्रशोधनका लागि पुग्ने गरेको छ । यहाँको तयारी चिया भारतसहितका तेस्रो मुलुकसम्म पुग्ने गरेको छ ।

नेपालमा १२ हजार ६६ हेक्टरमा चियाखेती छ । देशभरमै बढी चिया उत्पादन हुने जिल्ला इलाम हो । यहाँ ६ हजार ९९५ बगान छन् । सूर्योदय नगरपालिका चियाको राजधानीका रूपमा पनि परिचित छ । देशभरका ११ हजार ४१ बगानबाट १० करोड ८० हजार किलो हरियो पत्ती उत्पादन हुने गरेको बगान सञ्चालकहरू बताउँछन् । *रासस*

# राहुघाटको बाँध पहिरोको जोखिममा

म्याग्दी । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावरद्वारा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको बाँध पहिरोको जोखिममा परेको छ । रघुगंगा गाउँपालिका–४, दग्नाम र ५ झीँको फेदीमा धौलागिरि हिमालबाट बगेर आउने राहुघाट नदीको पानी थुनेर सुरुङमा छिराउन निर्माणको अन्तिम चरणमा पुगेको बाँध पहिरोको जोखिममा परेको हो । दग्नाम गाउँको फेदीमा सृजना भएको नयाँ पहिरो राहुघाट जलविद्युत् आयोजनाको बाँधको सिधा माथि छ ।

गतवर्ष बर्खामा सोही पहिरोबाट आएको गेगर निर्माणाधीन बाँधमा थुप्रिएर क्षति पुगेको थियो । पहिरो माथि रहेको दग्नाम गाउँ र फेदीको बाँधलाई जोखिम बनाएको छ । आयोजनाका प्रमुख राजबहादुर विष्टले पहिरो नियन्त्रणका लागि अध्ययन थालिएको बताए । 'बाँधको ठीकमाथि नयाँ सृजना भएको पहिरोले पार्न सक्ने क्षतिको आकलन गरेर नियन्त्रणका लागि अध्ययन थालिएको छ,' उनले भने, 'प्राविधिक टोलीको अध्ययन प्रतिवेदन र सुझावको पर्खाइमा छौं ।'

१७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पीआरओआर) प्रविधिको बाँधसँगै राहुघाट नदीको दायाँ किनारमा डिसेन्डर (पानी थिग्राउने) पोखरी निर्माणाधीन छन् । बाँध, डिसेन्टर र इनलेट (सुरुङको प्रवेशबिन्दु) को करीब ३०० मिटरमाथि पहिरो सृजना भएको हो ।

यसैबीच आयोजनाको हालसम्मको भौतिक प्रगति ८२ प्रतिशत पुगेको छ । सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सले बाँध, सुरुङ, विद्युत्गृह निर्माणको काम अन्तिम चरणमा पुर्‍याएको छ ।



आगामी २०८२ असार १५ भित्र राहुघाटको निर्माण सम्पन्न गर्ने कार्ययोजनासहित कमलाई तीव्रता दिइएको आयोजनाको सिभिल महाशाखाका प्रमुख रविन कट्टेलले बताए ।

'बाँधमा ब्यारेज, ६ हजार २७० मिटर लामो मुख्य सुरुङ, सर्जसाफ्ट, ठाडो र तेस्रो प्रेसर साफ्ट र टेलरेस डग निर्माण सकिएको छ,' उनले भने, 'डिसेन्डर (पानी थिग्राउने पोखरी), पावर इन्टेक, मुख्य सुरुङलाई फिनिसिङ गर्ने र पेनस्टक पाइपलाइन जडानको काम धमाधम भइरहेको छ ।'

मुख्य सुरुङको चारओटा अडिटबाट लाइनिङ (ढलान र पलास्टर) भइरहेको छ । रघुगंगा–३ गतिल्केनीचौरमा विद्युत्गृह निर्माणको काम ९० प्रतिशत सकिएको छ । इलेक्ट्रोमेकानिकल ठेकेदार भारत हेभी इक्विपमेन्ट (भेल)ले विद्युत्गृहमा टर्बाइन, जेनेरेटरका उपकरण जडानको काम गरिरहेको छ । विद्युत्गृह परिसरमा एआईएस (एयर इन्सुलेटेड) प्रविधिको स्विचयार्ड निर्माण थालिएको छ । स्विचयार्डका उपकरणले विद्युत् गृहमा जेनेरेटरबाट उत्पादन भएको ऊर्जा प्राप्त गरी प्रसारण लाइनमा आपूर्ति गराउँछ ।

यो आयोजनाबाट उत्पादन हुने बिजुली लिलो (लुप इन, लुप आउट) प्रविधिबाट २२० केभी क्षमताको कालीगण्डकी कोरिडोर दाना–कुश्मा प्रसारण लाइन (डबल सर्किट) मार्फत केन्द्रीय ग्रिडमा जोडिने भएको छ । चारओटा प्रसारण लाइनको टावर निर्माण भइसकेको छ । आयोजनाको सिभिल ठेकेदारसँग २०७४ मङ्सिरमा ठेक्का सम्झौता भएको थियो । ठेक्काको ४५ महीनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महीना म्याद थपिएको छ । कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइन्आरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रोक्योरमेन्ट एन्ड कन्ट्र्याक्ट (ईपीसी) प्रारुपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो । *रासस*

**पृष्ठ १ बाट क्रमशः**

## नेपाल टेलिकम...

सोहीअनुसार एनसेल अघि बढेको देखिन्छ । यता सरकारी स्वामित्वको दूरसञ्चार कम्पनी भने अहिलेसम्म सब्सक्रिप्शन मोडलमा गएको छैन । टेलिकमका अधिकारीहरू यसबारे अझै कुनै निर्णय नलिइएको बताउँछन् । 'सब्सक्रिप्शन मोडलमा जान सक्ने सम्भावना छ तर अहिले कुनै निर्णय गरेका छैनौं, पर्ख र हेरकै अवस्थामा छौं,' नेपाल टेलिकमका प्रवक्ता हरि ढकालले भने ।

उनका अनुसार सरकारी स्वामित्वको कम्पनी भएकाले व्यापारमा भन्दा पनि जनतालाई सरल हिसाबले सस्तो, सुलभ सेवा प्रदान गर्न टेलिकमले योजना बनाइरहेको हुन्छ । यद्यपि सब्सक्रिप्शन मोडलमा जाने कुरा छलफलको विषय हुन सक्छ, साना प्याकेजहरू धेरै भयो भनेर नियामकले पनि भनिरहेकाले त्यसलाई केही सुधार्ने प्रयास टेलिकमले गरिरहेको उनले बताए ।

टेलिकमका अधिकारीहरूका अनुसार नेपाल टेलिकम प्राइभेट कम्पनी नभएकाले यसले आवश्यक विधि र प्रक्रिया पूरा गर्नुपर्छ, त्यसैले पनि सब्सक्रिप्शन मोडलमा तत्कालै जाने अवस्था छैन । आगामी दिनमा नेपाल टेलिकमलाई धराशयी हुनबाट जोगाउन सब्सक्रिप्शन मोडल पनि एउटा बलियो विकल्प हुन सक्ने अधिकारीहरूको बुझाइ छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार अहिलेसम्म सब्सक्रिप्शन मोडलमा टेलिकम कम्पनीहरूलाई लैजानेबारे कुनै निर्णय लिइएको छैन । प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले सब्सक्रिप्शन मोडलमा लैजानेबारे कुनै निर्णय नभएको बताए । उनका अनुसार कम्पनीहरूलाई त्यो मोडलमा जानका लागि नियामकले अनुमतिसमेत दिएको छैन ।

## धमाधम बन्द...

उक्त सहयोग सकिएपछि शाखारहित बैंकिङ सेवा बन्द गर्ने क्रम बढेको बताइएको छ । बैंकरहरू भने शाखारहित बैंकिङ सेवा केन्द्रबाट घाटा हुन थालेपछि बन्द गर्न चाहेको बताउँछन् । नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहालले बैंक, वित्तीय संस्थाको शाखा र विद्युतीय कारोबार विस्तारले शाखारहित बैंकिङको महत्त्व कम भएको बताए ।

बैंकको शाखा नभएका स्थानमा सरल तथा सहजरूपमा वित्तीय पहुँच पुर्‍याउन राष्ट्र बैंकले शाखारहित बैंकिङ सेवाको प्रावधान ल्याएको थियो । यो सेवाअन्तर्गत बैंकिङ सेवा नपुगेको स्थानमा बैंकले स्थानीय व्यापारी वा सेवाग्राहीलाई प्रतिनिधि तोक्छन् । उक्त प्रतिनिधिले बैंकले उपलब्ध गराएको मेशिनमार्फत स्थानीयलाई खाता खोल्ने, रकम जम्मा गर्ने, झिक्ने, रेमिटचान्स भुक्तानी र ससानो ऋण लगानीलगायत सेवा दिन्छ ।

# मुन्धुम पदमार्ग विस्तारसँगै पुनः निर्माण शुरू

भोजपुर । सरकारको घुम्नैपर्ने १०० पर्यटकीय गन्तव्यभित्र पर्न सफल मुन्धुम पदमार्ग विस्तारसँगै पुनः निर्माण थालिएको छ । पदमार्गको स्विस सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा १ करोड रुपैयाँ लागतमा पहिलो चरणको पदमार्ग विस्तारसँगै पुनः निर्माणको काम थालिएको हो ।

पदमार्ग निर्माणका विषयमा जानकारी गराउने उद्देश्यले पदमार्ग बनिरहेको हाँस पोखरीमा सार्वजनिक सुनुवाइसमेत गरिएको छ । सार्वजनिक सुनुवाइमार्फत योजनाको लागत, योजना सञ्चालन पद्धति, योजना सञ्चालन हुने क्षेत्र र पदमार्ग निर्माण अवधिलगायत विषयमा सरोकारवाला पक्षलाई जानकारी दिइएको हो ।

यो पदमार्गलाई थप व्यवस्थित बनाउन पहिलो चरणमा ५ दशमलव ४४ किलोमिटर पदमार्ग निर्माण तथा पुनःनिर्माण थालिएको टेम्केमैयुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अदित दाहालले जानकारी दिए । पदमार्गसँगै पर्यटकलाई लक्ष्य गरेर यहाँ तीनओटा सार्वजनिक सौचालय, दुईओटा रात्रि विश्रामस्थल, एउटा खानेपानी धारा निर्माण गरिने उनको भनाइ छ ।

'तीनै तहका सरकार र स्विस सरकारको लागत साझेदारीमा मुन्धुम पदमार्गको थप विस्तारसँगै पुनःनिर्माण थालिएको छ,' प्रशासकीय अधिकृत दाहालले भने, 'यहाँ पर्यटकलाई लक्षित गरेर पदमार्ग निर्माणसँगै थप संरचनाहरु बन्नेछन् । यो निर्माण अवधि आगामी असारसम्म छ ।' पदमार्गको निर्माण तथा पुनः निर्माणमा स्विस सरकारको ५१ प्रतिशत, गाउँपालिकाको २२ प्रतिशत, केन्द्र सरकारको ५ प्रतिशत र प्रदेश सरकारको २२ प्रतिशत लागत साझेदारी रहेको प्रशासकीय अधिकृत दाहालले जानकारी दिए ।

मुन्धुम पदमार्ग गाउँपालिकाको गौरवको आयोजना रहेकोले यसको थप विकास तथा विस्तारमा जोड दिइएको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताइन् । गाउँपालिकाले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर स्थानीयको समृद्धिको आधार तयार गर्ने लक्ष्यका साथ पदमार्ग विस्तार तथा विकासको काम गरिरहेको उपाध्यक्ष राईले बताइन् । पदमार्गले यहाँको धर्म, संस्कार, संस्कृति रहनसहन, रीतिरिवाजको जगेर्नासँगै स्थानीय कृषि उत्पादनलाई पर्यटनसँग जोड्न टेवा पुग्ने उनको भनाइ छ ।

'मुन्धुम पदमार्ग हाम्रो गौरवको योजना हो,' उनले भनिन्, 'यहाँ जति पनि काम भइरहेका छन्, त्यसले यहाँको विकास र समृद्धिलाई जोडेको छ । हामीले कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर आर्थिक रूपमा सक्षम बनाउने लक्ष्यका साथ काम बढाइरहेको छौं ।' मुन्धुम मदमार्गमा आउने पदयात्रीको सहज र सुरक्षित यात्राको लागि गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको उपाध्यक्ष राईले जानकारी दिइन् । पदमार्गलाई थप व्यवस्थित बनाउँदै स्थानीयको रोजगारी र जीविकोपार्जनसँग जोड्ने काम भइरहेको उनको भनाइ छ । मुन्धुम भ्रमण वर्ष सन् २०२५ घोषणा गरेर यसको प्रचारप्रसारसँगै



**पदमार्गको निर्माण तथा पुनः निर्माणमा स्विस सरकारको ५१ प्रतिशत, गाउँपालिकाको २२ प्रतिशत, केन्द्र सरकारको ५ प्रतिशत र प्रदेश सरकारको २२ प्रतिशत लागत साझेदारी**

विकासको काम भइरहेको उपाध्यक्ष राईले बताइन् । 'मुन्धुम पदमार्ग पूर्वको स्थापित गन्तव्यको रूपमा विकास भइरहेको छ,' उनी भन्छिन्, 'पदमार्ग विस्तार भएपछि यहाँ आउने पर्यटकको संख्या बढिरहेको छ । पर्यटकको सहज, सरल, सुरक्षित र आरामदायी यात्राको लागि हामीले योजनाबद्ध रूपमा काम गरिरहेका छौं ।'

मुन्धुम पदमार्ग एक मात्र भर्जिन पदमार्ग रहेकाले यसलाई संरक्षण गर्न आवश्यक रहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । सडक विस्तारका कारण पदमार्गलाई असर पुग्ने भएकाले यस्ता क्रियाकलाप रोक्न आवश्यक रहेको अध्यक्ष बस्नेतको भनाइ छ । मुन्धुम पदमार्ग नेपाल सरकारको १०० गन्तव्यमा सूचीकृत भएकोले जिल्ला तथा छिमेकी जिल्लाका स्थानीय तहसँग सहकार्य गरेर विकास तथा विस्तार भइरहेको उनको भनाइ छ ।

'मुन्धुम पदमार्ग एक भर्जिन पदमार्ग हो,' अध्यक्ष राईले भने, 'नेपालमा यस्ता स्थानहरू कमै मात्र छन् । सडक विस्तारका कारण यस्ता क्षेत्रमा क्षति पुगेको अवस्था छ । पदमार्ग क्षेत्रको संरक्षणको लागि हामी गम्भीर बन्न आवश्यक छ । १ करोड रुपैयाँ लागतमा भइरहेको पहिलो चरणको काम सम्पन्न भएपछि यही आर्थिक वर्षमा सम्पन्न हुने गरी दोस्रो चरणमा ८५ लाख रुपैयाँ बराबरको निर्माण हुने अध्यक्ष बस्नेतले जानकारी दिए ।

पदमार्गमा आधारित पर्यटन विकास परियोजनाअन्तर्गत दिगो र नवीनतम पर्यटन विकासको अवधारणा अनुसार यहाँ काम भइरहेको परियोजनाका सामाजिक सुरक्षा अधिकृत पार्वती राणाले बताइन् । पर्यटनमार्फत समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने खालका क्रियाकलाप सञ्चालन हुने उनको भनाइ छ । पदमार्गमा रहेका होटल व्यवसायीको क्षमता अभिवृद्धिसँगै पाहुनालाई दिने सेवा तथा व्यवहारको विषयमा तालिम तथा सचेतनाका कार्यक्रम सञ्चालन हुने अधिकृत राणाको भनाइ छ ।

यो पदमार्ग क्षेत्रमा टेम्केमैयुङ गाउँपालिकाका १०७ जनाले काम गरिरहेको निर्माण उपभोक्ता समितिको अध्यक्ष रहिम राईले जानकारी दिए । पदमार्ग निर्माणले पर्यटनको विकाससँगै स्थानीयस्तरमा रोजगारी सृजना भएको उनको भनाइ छ । पदमार्ग क्षेत्रमा ६ ओटा समूह निर्माण गरेर विभिन्न स्थानमा काम भइरहेको उनले जानकारी दिए । *रासस*

**जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २२)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २५९० | ३३०० | ९५० |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | १३३१.१ | १४७५ | ४५५ |
| ३ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | १०९३ | १३६१.७ | ५६६ |
| ४ | सुपरमाई हाइड्रोपावर लिमिटेड | १०४७ | १२८३ | ६४० |
| ५ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०३० | १२७५ | ४४९ |
| ६ | सुपर मादी हाइड्रोपावर लिमिटेड | १०२८.७ | १६५७ | ४२१.५ |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ९९७.९ | ११८० | ५९२ |
| ८ | माण्डु हाइड्रोपावर लिमिटेड | ९६३ | १४९३.१ | ६५८ |
| ९ | शुभम पावर लिमिटेड | ९५५ | ११०९.६ | ६२३.५ |
| १० | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ९०४ | १००२.६ | ४०८ |
| ११ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८९६.२ | ९९० | ४५२.२ |
| १२ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८८६ | १२३१ | ४६५.६ |
| १३ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ८८० | ९९७ | ४२३.९ |
| १४ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ८७८ | ९९३.४ | ३३८.२ |
| १५ | सयपत्री हाइड्रोपावर लिमिटेड | ८१८ | ९२२ | ४४३ |
| १६ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ८१२.९ | ९२६.८ | ४८४.९ |
| १७ | रिभर फल्स पावर लिमिटेड | ८१०.१ | १४८४ | ३२२.९ |
| १८ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ८०६.५ | ११०१ | ३८१.१ |
| १९ | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ८०५.५ | ८६० | ३४२ |
| २० | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७८६ | ९१० | ४८०.५ |
| २१ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७७६ | ९६१ | ४५० |
| २२ | एशियन हाइड्रोपावर लिमिटेड | ७६४ | ९०४ | ४१०.१ |
| २३ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ७५६ | ८९०.४ | ३९५ |
| २४ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ७४३.६ | १०८० | ३३७.२ |
| २५ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ७३२ | ८१६ | ४४५.१ |
| २६ | दोल्ती पावर कम्पनी लिमिटेड | ७२४.९ | १०१७ | ३६६ |
| २७ | ईङवा हाइड्रोपावर लिमिटेड | ७२३ | ८३८ | ३४५ |
| २८ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | ७०९ | ७९० | ३२५ |
| २९ | माईखोला हाइड्रोपावर लिमिटेड | ७०७.१ | ७६५ | ३५६.४ |
| ३० | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ७०१ | ८०० | ३४३.६ |
| ३१ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ६९९ | ७०८ | २८६ |
| ३२ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६७८ | ७५२ | ३४४ |
| ३३ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६६० | ८२९.७ | ४४३ |
| ३४ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६४६.९ | ७४५.६ | २७५.१ |
| ३५ | हिमालयन पावर पार्टनर लिमिटेड | ६३०.२ | ६६५ | २४४ |
| ३६ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ६२५ | ७१४ | ३१९ |
| ३७ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ६२० | ७२२ | ४६४ |
| ३८ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ६१७.९ | ६५५ | ३५५ |
| ३९ | न्यादी हाइड्रोपावर लिमिटेड | ६१० | ८८० | २७६ |
| ४० | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ६०६.४ | ८०९.५ | ४९८.१ |
| ४१ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ६०० | ६९६ | २८३.५ |
| ४२ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५९३ | ६७१.६ | ४१० |
| ४३ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५८१ | ६२७ | २८० |
| ४४ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५७८.९ | ६३५ | ३१८ |
| ४५ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५७५ | ६९७ | ४३१ |
| ४६ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५७२.९ | ६३७ | ३४८ |
| ४७ | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५७० | ६९३ | ३०६.१ |
| ४८ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५६६ | ७३५ | ४०२ |
| ४९ | पिपुल्स पावर लिमिटेड | ५६५ | ६८३.४ | ३२७.१ |
| ५० | कालिका पावर कम्पनी लिमिटेड | ५६१ | ६५२.४ | ३८०.२ |
| ५१ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ५४५ | ६४९.५ | ३००.५ |
| ५२ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५४० | ७४२ | ४२२ |
| ५३ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५३३ | ५३५ | २११ |
| ५४ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ५३१ | ५९९.७ | २८३.२ |
| ५५ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ५२९.६ | ६९७ | ४२६.३ |
| ५६ | ग्रीन भेन्चर्स लिमिटेड | ५२५ | ६९९.९ | ४०२.४ |
| ५७ | साहस उर्जा लिमिटेड | ५१८ | ७२५ | ४०९.५ |
| ५८ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४९९ | ६८० | ३१६ |
| ५९ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४३६.५ | ४४८ | २२३.१ |
| ६० | बुटवल पावर कम्पनी लिमिटेड | ४२० | ५३६.५ | २८४.४ |
| ६१ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ४१७ | ५२७ | २६०.३ |
| ६२ | राधी विद्युत् कम्पनी लिमिटेड | ४१० | ४७७ | २२३.२ |
| ६३ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ४१० | ५२१.६ | २६५ |
| ६४ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ४०९.४ | ४२७ | १८५.३ |
| ६५ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ४०६ | ६९६ | ३५६.४ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३८० | ४७५ | २०९ |
| ६७ | वलेफी हाइड्रोपावर लिमिटेड | ३५८.६ | ५२० | ३१२.७ |
| ६८ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३५२.९ | ३८९ | २२०.२ |
| ६९ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३५१ | ४४२ | २५६ |
| ७० | युनियन हाइड्रोपावर लिमिटेड | ३५० | ३७१ | २१२.६ |
| ७१ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३४५ | ४३३ | २७९.३ |
| ७२ | मोदी ईनर्जी लिमिटेड | ३४४.९ | ३९३ | २११.३ |
| ७३ | पाँचथर पावर कम्पनी लिमिटेड | ३३६ | ३६७.२ | २२० |
| ७४ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | ३२५ | ३४८.८ | २१४.२ |
| ७५ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | ३२१ | ३४५ | १८३ |
| ७६ | घलेम्दी हाइड्रो लिमिटेड | ३०२ | ३०५.८ | १४१ |
| ७७ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २९९ | ३७९ | २१५.७ |
| ७८ | अपि पावर कम्पनी लिमिटेड | २९४ | ३९० | १६२ |
| ७९ | ङादी ग्रुप पावर लिमिटेड | २८६.५ | ५७१ | २५० |
| ८० | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २७८ | ३३४.४ | १४३.१ |
| ८१ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २७५ | ३४९ | १४९ |
| ८२ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २७१.७ | ३३६ | १९६ |
| ८३ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २६० | ३३३.९ | १८३.६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २५७ | २८१.१ | १५४ |
| ८५ | अरुण काबेली पावर लिमिटेड | २४४.५ | ३२६ | १५७.२ |
| ८६ | रिडी पावर कम्पनी लिमिटेड | २४२ | ३११ | १५४.५ |
| ८७ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २२८.५ | ३४४ | १७५.१ |
| ८८ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २२८ | २९० | १३६ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २२१.९ | २७४.९ | १५०.९ |
| ९० | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | २१५ | २७३ | १२३.३ |
| ९१ | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २१३ | २९५ | १५२.१ |

**निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २२)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १५२६० | २२४९३.९ | १२८०० |
| २ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९९७ | १११३ | ७२९.६ |
| ३ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ९९४ | ११६२ | ८०० |
| ४ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९१० | १३८२ | ७३२ |
| ५ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८८६ | १०७६ | ७११.५ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ८६१ | ११२० | ६६९.४ |
| ७ | नेको इन्सुरेन्स लिमिटेड | ७९२.२ | १०५० | ७५० |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ७५० | ९२६ | ६०२ |
| ९ | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ७०९ | ८३७.३ | ५१५.५ |
| १० | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ७०३ | ८१७.१ | ५०८.१ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ६५३ | ८१० | ५४९ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ६३४ | ७६० | ५०८ |

**लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ फागुन २२)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २३९७ | २४७७.४ | ६२७ |
| २ | नागरिक लगानी कोष | २०६० | २७०० | १८८७ |
| ३ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १५३८ | १६५१.३ | ४७८.३ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १४९० | १८१६ | ८०८.५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | १२७२ | १४५३.५ | ७३३.३ |
| ६ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कं. लि. | २८८ | ३६० | १५८.१ |
| ७ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २८७.६ | ३६६.६ | १८८.१ |

# गत साता सामान्य बढ्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

अघिल्ला ९ कारोबार दिन निरन्तर बढेको नेप्से परिसूचक पछिल्ला चार कारोबार दिन निरन्तर घटेर बन्द भएको छ ।

बजार सञ्चालक नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले दिएको जानकारी अनुसार अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ८१५ दशमलव शून्य ४ विन्दुमा रहेको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन २ हजार ८१८ दशमलव ४३ विन्दुमा बन्द भएको हो ।

अघिल्लो साताभन्दा गत साता नेप्से परिसूचक ३ दशमलव ३९ अंकले मात्र माथि पुगेको हो । गत साता पाँच कारोबार दिनमा बजार चार कारोबार दिन निरन्तर घटेको हो। एक कारोबार दिन बढ्दा पनि नेप्से परिसूचक अघिल्लो साताभन्दा माथि नै रहन सफल भएको हो ।

गत साता पहिलो कारोबार दिन ७५ दशमलव २४ अंक अर्थात् २ दशमलव ६७ प्रतिशत नेप्से परिसूचक बढेकोमा दोस्रो दिन १३ दशमलव ६२ अंक, तेस्रो दिन ३० दशमलव ३६ अंक, चौथो दिन २५ दशमलव १६ अंक र अन्तिम दिन २ दशमलव ७० अंक घटेको हो ।

**सातागत परिसूचकको तुलना**

| विवरण | गत साता | अघिल्लो साता | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| नेप्से परिसूचक (अंक) | २,८१८.४३ | २,८१५.०४ | ३.३९ | ०.१२ |
| सेन्सेटिभ इन्डेक्स (अंक) | ४७०.६० | ४६९.८२ | ०.७८ | ०.१७ |
| कारोबार रकम (रू. हजारमा) | ६२,५५५,९५२.४३ | ४३,९३५,५९०.४२ | १८,६२०,३६२.०१ | ४२.३८ |
| कारोबार कित्ता | १२९,१८२,५३९.०० | ८६,३८२,१०७.०० | ४२,८००,४३२.०० | ४९.५५ |
| औसत कारोबार रकम (रू. हजारमा) | १२,५११,१९०.४९ | १०,९८३,८९७.६० | १,५२७,२९२.८८ | १३.९० |
| औसत कारोबार कित्ता | २५,८३६,५०७.८० | २१,५९५,५२६.७५ | ४,२४०,९८१.०५ | १९.६४ |
| कुल बजार पूँजीकरण (रू. दश लाखमा) | ४,६७९,८८५.२४ | ४,६७४,२४८.९७ | ५,६३६.२७ | ०.१२ |

*स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)*

**साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन**

| विवरण | गत साता | अघिल्लो साता | फरक प्रतिशत |
|---|---|---|---|
| विकास बैंक | ५,९११.६१ | ५,७३१.०७ | ३.१५ |
| उत्पादन तथा प्रशोधन | ७,६१६.९३ | ७,४६४.७१ | २.०४ |
| जीवन बीमा | १४,२३८.४२ | १३,९५७.०१ | २.०२ |
| अन्य | २,५१५.१९ | २,४७४.८७ | १.६३ |
| निर्जीवन बीमा | १३,१०१.४६ | १२,९५४.१८ | १.१४ |
| होटल तथा पर्यटन | ६,७६८.०६ | ६,७९०.२७ | -०.३३ |
| लगानी | ११४.१० | ११४.५९ | -०.४३ |
| व्यापार | ४,२७४.४७ | ४,२९३.४७ | -०.४४ |
| वित्त | २,७८२.५९ | २,८०२.२७ | -०.७० |
| जलविद्युत् | ३,७८८.६३ | ३,८१८.९३ | -०.७९ |
| बैंकिङ्ग | १,४१७.९० | १,४३१.३४ | -०.९४ |
| म्युचुअल फण्ड | २०.०२ | २०.२५ | -१.१४ |
| लघुवित्त | ५,२०३.४६ | ५,२७३.९७ | -१.३४ |

